मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

वर्ष ४ | अंक १९८ | २०८३ साल जेष्ठ २३ गते शनिबार | Saturday 06, June 2026 | सूर्योदयः बिहान ०५:११ बजे | सूर्यास्तः साँझ ०६:५६ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## आयोगको प्रतिवेदनविरुद्ध सर्वोच्च अदालतमा जाने तयारीमा एमाले



पृष्ठ ५ मा

### एक करोड बढी मूल्यका मोबाइल नष्टः

## परीक्षा मर्यादाको नाममा सम्पत्तिमाथि हस्तक्षेप ?

# सिरहा प्रशासनको निर्णय विवादमा !



**मधेशदृष्टि**
**सिरहा।**

माध्यमिक शिक्षा परीक्षा (एसईई) तथा कक्षा–१२ को परीक्षाका क्रममा जफत गरिएका करिब पाँच सय मोबाइल फोन र स्मार्टवाच नष्ट गर्ने जिल्ला प्रशासन कार्यालय सिरहाको निर्णय यतिबेला व्यापक विवादको विषय बनेको छ। परीक्षा केन्द्रभित्र मोबाइल तथा डिजिटल उपकरण प्रयोग गरी चिट चोर्ने प्रयास गरिएको आरोपमा बरामद गरिएका ती सामग्री प्रशासनले परीक्षा प्रणालीको मर्यादा जोगाउने उद्देश्यले नष्ट गरेको जनाएको छ। तर उक्त कदमलाई लिएर अभिभावक, कानुन व्यवसायी तथा सर्वसाधारणबाट तीव्र आलोचना भइरहेको छ। गत चैत महिनामा सम्पन्न एसईई र कक्षा–१२ परीक्षाको क्रममा जिल्लाका विभिन्न परीक्षा केन्द्रबाट सात वटा आईफोन, ४८९ वटा विभिन्न कम्पनीका एन्ड्रोइड मोबाइल फोन तथा पाँच वटा स्मार्टवाच जफत गरिएको थियो। प्रशासनका अनुसार ती उपकरण परीक्षा सञ्चालन निर्देशिका विपरीत प्रयोग भएको पुष्टि भएपछि जिल्ला परीक्षा समन्वय समितिको निर्णयअनुसार नष्ट गरिएको हो। बरामद गरिएका सम्पूर्ण उपकरणको अनुमानित बजार मूल्य एक करोड रुपैयाँभन्दा बढी रहेको बताइएको छ।

जिल्ला प्रशासन कार्यालयले परीक्षा प्रणालीलाई स्वच्छ, निष्पक्ष र व्यवस्थित बनाउन कडा कदम आवश्यक रहेको निष्कर्ष निकाल्दै जफत गरिएका उपकरण पुनः प्रयोग हुन नसक्ने अवस्थामा पु¥याएर नष्ट गरेको जनाएको छ। यसका लागि गठन गरिएको विशेष उपसमितिले मोबाइल तथा स्मार्टवाचलाई २४ घण्टासम्म पानीमा डुबाएर राखेपछि फुटाएर पूर्ण रूपमा नष्ट गरिएको जानकारी दिएको छ। उक्त कार्य जिल्ला प्रहरी कार्यालय परिसरमा गरिएको थियो। मोबाइल व्यवस्थापनका लागि गठन गरिएको पाँच सदस्यीय उपसमितिमा जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा राष्ट्रिय अनुसन्धान विभागका प्रतिनिधिहरू सहभागी थिए। शिक्षा विकास तथा समन्वय इकाइ सिरहाका परीक्षा शाखा अधिकृत राजदेव यादवको नेतृत्वमा रहेको समितिले भविष्यमा यस्ता उपकरण पुनः प्रयोग भई दुरुपयोग हुन नदिन नष्ट गर्ने निर्णय कार्यान्वयन गरेको जनाएको छ। तर प्रशासनको यो कदम सार्वजनिक भएसँगै यसको वैधानिकता र औचित्यमाथि गम्भीर प्रश्न उठ्न थालेका छन्। धेरै अभिभावकले विद्यार्थीको गल्तीका कारण आफूहरूले दुःख गरेर खरिद गरेको सम्पत्ति नष्ट गर्नु न्यायसंगत नभएको बताएका छन्। उनीहरूको तर्क छ यदि परीक्षामा अनुचित कार्य भएको थियो भने दोषी विद्यार्थीमाथि आवश्यक कानुनी वा शैक्षिक कारबाही गर्न सकिन्थ्यो, तर अभिभावकको सम्पत्ति नै नष्ट गर्नु अत्यधिक कठोर र अनुपयुक्त कदम हो। स्थानीय अभिभावकहरूका अनुसार जफत गरिएका मोबाइल फिर्ता दिन नसकिएपनि निश्चित जरिवाना तोकेर वा कानुनी प्रक्रिया पूरा गरी लिलामीमार्फत व्यवस्थापन गर्न सकिन्थ्यो। कतिपयले एकपटकका लागि अभिभावकलाई बुझाउने व्यवस्था मिलाउनुपर्ने धारणा पनि राखेका छन्। उनीहरूका अनुसार राज्यले नागरिकको सम्पत्तिको संरक्षण गर्नुपर्नेमा उल्टै त्यसलाई नष्ट गर्नु अधिकारको दुरुपयोग जस्तै देखिएको छ। कानुन व्यवसायीहरूले समेत प्रशासनको निर्णयलाई कानुनी बहसको विषय बन्न सक्ने बताएका छन्। उनीहरूका अनुसार मोबाइल फोन व्यक्तिगत सम्पत्तिको श्रेणीमा पर्ने भएकाले त्यसलाई नष्ट गर्ने निर्णय अदालतमा चुनौती दिन सकिने आधारहरू देखिन्छन्। यदि प्रभावित पक्ष अदालत पुगेमा निर्णयमा संलग्न पदाधिकारीहरूविरुद्ध क्षतिपूर्ति मागसहित कानुनी उपचार खोज्न सकिने सम्भावना रहेको कानुनविद्हरूको भनाइ छ। सिरहाका अधिवक्ता चन्दनकुमार कर्णका अनुसार राज्यले जफत गरेको सामग्रीको व्यवस्थापनका लागि स्पष्ट कानुनी प्रक्रिया अपनाउनुपर्छ। उनले व्यक्तिगत सम्पत्तिलाई नष्ट गर्नु अन्तिम विकल्प मात्र हुनुपर्ने उल्लेख गर्दै यसको वैधानिक पक्षमाथि स्वतन्त्र न्यायिक परीक्षण आवश्यक रहेको धारणा व्यक्त गरे।

यता जिल्ला प्रशासन कार्यालय भने आफ्नो निर्णयबाट पछि हट्ने संकेतमा देखिएको छैन। प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले शिक्षा ऐन, परीक्षा सम्बन्धी निर्देशिका तथा जिल्ला परीक्षा समन्वय समितिको निर्णयका आधारमा मोबाइल नष्ट गरिएको स्पष्ट पारे। उनका अनुसार जफत गरिएका उपकरणलाई कानुनी रूपमा लिलामी गर्न सकिने अवस्था भएपनि मोबाइलजस्ता संवेदनशील सामग्री पुनः गलत प्रयोजनमा प्रयोग हुन सक्ने जोखिमलाई मध्यनजर गर्दै नष्ट गर्ने निर्णय गरिएको हो। प्रमुख जिल्ला अधिकारी पौडेलले परीक्षा प्रणालीमा प्रविधिको दुरुपयोग बढ्दो चुनौतीका रूपमा देखा परेको उल्लेख गर्दै भविष्यका परीक्षामा अनुशासन कायम राख्न कडा सन्देश दिनुपर्ने आवश्यकता रहेको बताए। उनका अनुसार यो निर्णयले आगामी वर्षहरूमा परीक्षार्थीलाई नियम उल्लंघन नगर्न चेतावनीसमेत दिने अपेक्षा गरिएको छ।

यस घटनाले शिक्षा क्षेत्रमा अनुशासन कायम राख्ने नाममा राज्यले अपनाउन सक्ने उपायहरूको सीमा कहाँसम्म हुनुपर्छ भन्ने बहस पनि जन्माएको छ। परीक्षा मर्यादा कायम राख्नु निस्सन्देह आवश्यक विषय भए पनि त्यसका लागि प्रयोग गरिने विधि कानुनी, न्यायोचित र नागरिक अधिकारमैत्री हुनुपर्छ भन्ने आवाज बलियो बन्दै गएको छ। मधेश प्रदेशमा एसईई परीक्षाका क्रममा जफत गरिएका मोबाइल यति ठूलो संख्यामा नष्ट गरिएको यो पहिलो घटना भएको बताइएको छ। त्यसैले यो निर्णय केवल सिरहाको प्रशासनिक कदममा सीमित नरही भविष्यमा यस्ता घटनामा अपनाइने नीति र कानुनी मापदण्डका लागि समेत एउटा महत्वपूर्ण उदाहरण बन्ने देखिएको छ। परीक्षा मर्यादा र नागरिक सम्पत्तिको अधिकारबीच सन्तुलन कसरी कायम गर्ने भन्ने प्रश्न अहिले सिरहाको घटनाले राष्ट्रिय बहसको विषय बनाएको छ।

प्रशासनले यसलाई अनुशासन कायम गर्ने ऐतिहासिक कदमका रूपमा प्रस्तुत गरिरहेको छ भने आलोचकहरूले यसलाई राज्यको अधिकारको अति प्रयोगका रूपमा व्याख्या गरिरहेका छन्। यही विवादबीच एक करोड रुपैयाँभन्दा बढी मूल्यका करिब ५०० डिजिटल उपकरण नष्ट गरिनु अहिले सर्वत्र चासो, बहस र आलोचनाको केन्द्र बनेको छ।

## त्रिवेणी स्पेनिङ मिस्लको गोदाममा आगलागी

## १८० टन कपाससहित करोडौँको क्षति

**मधेशदृष्टि**
**वीरगंज।**

बाराको जीतपुरसिमरा उपमहानगरपालिका–९ छातापिपरास्थित त्रिवेणी स्पेनिङ मिल्सको कपास गोदाममा शुक्रबार आगलागी हुँदा १८० टन कपाससहित करोडौँ रुपैयाँ बराबरको धनमाल नष्ट भएको छ। उद्योग परिसरभित्र रहेको कपास गोदाममा विद्युत् सर्ट भई बिहान करिब साढे १० बजे आगलागी भएको प्रहरीले जनाएको छ।

करिब दुई घण्टाको प्रयासपछि दिउँसो १२:३० बजे आगो नियन्त्रण भएको थियो। आगलागीबाट कपास संगै मिक्सिङ ब्लेन्डर, मिक्सिङ ओपनर, कन्डेन्सरलगायतका मेसिन उपकर तथा गोदाम घरमा ठूलो क्षति पुगेको छ। आगो नियन्त्रणका लागि नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल तथा अग्नि नियन्त्रणकर्मी परिचालन गरिएको थियो। साथै, जीतपुरसिमरा उपमहानगर पालिका, निजगढ नगरपालिका, कोल्हबी नगरपालिका, वीरगञ्ज महानगरपालिका, आदर्श कोतवाल गाउँपालिका तथा नेपाल आयल निगम लगायतका निकायका ११ वटा दमकल प्रयोग गरिएको थियो।

उद्योगका व्यवस्थापक नन्दकिशोर सिंहका अनुसार कपासलाई मेसिनमार्फत धागो उत्पादनका लागि पठाउने क्रममा विद्युत् सर्ट भई आगो सल्किएको हो।

## राजदुत बन्न प्रमलाई म्यासेज पठाउने

## सचिव कृष्णहरि पुस्कर प्रहरी फन्दामा !



**मधेशदृष्टि**
**काठमाडौँ।**

उपराष्ट्रपति कार्यालयका सचिव कृष्णहरि पुष्करले प्रधानमन्त्री बालेन शाहलाई मुख्यसचिवदेखि राजदूत बन्नका लागि सहयोग माग गर्दै म्यासेज गरेपछि प्रहरीको फन्दामा परेका छन्। प्रधानमन्त्रीलाई म्यासेज गरेको पाइएपछि बिहीबार पुस्करलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले नियन्त्रणमा लिएर केरकार गरेको थियो।

लामो केरकार गरेपछि पुस्करलाई प्रहरीले उनकी श्रीमतीको जिम्मा लगाएर छाडेको छ। उनले प्रधानमन्त्रीलाई पठाएको म्यासेजमा हजुरको विशेष ध्यान भएमात्रै मुख्यसचिवमा सम्भावना रहेको नत्र कुनै सम्भावना नरहेको उल्लेख गरेका छन्। मुख्य सचिव हुन नसकेको अवस्थामा २४ असारमा उनी अवकाशमा जाने निश्चित छ। त्यसैले राजदूतका लागि पनि पुष्करले फारम भरेको पाइएको छ। उक्त कुरा उनले म्यासेजमै उल्लेख गरेका थिए।

## मधेश केन्द्रित दलप्रति असन्तुष्टि बढ्दै,

## युवाद्वारा 'हुँकार मधेश' अभियान घोषणा तयारी




**मधेशदृष्टि**
**जनकपुरधाम।**

मधेश केन्द्रित राजनीतिक दलहरूको प्रभाव कमजोर बन्दै गएको निष्कर्ष निकाल्दै विभिन्न दलमा आबद्ध मधेशी युवाहरूले संयुक्त रूपमा 'हुँकार मधेश' नामक नयाँ अभियान सुरु गरेका छन्। अभियानमा जनता समाजवादी पार्टी नेपाल, जनमत पार्टी, राष्ट्रिय मुक्ति पार्टी, नागरिक उन्मुक्ति पार्टीका साथै नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रमा सक्रिय युवाहरूको सहभागिता रहेको जनाइएको छ।

अभियानलाई मधेशको अधिकार, पहिचान तथा राजनीतिक पुनर्जागरणको साझा मञ्चका रूपमा अघि बढाउने तयारी गरिएको छ। जसपा नेपालका रामकुमार शर्माले जेनजी आन्दोलनपछि परिवर्तनको पक्षमा उभिएका युवाहरूको सक्रियताबाट 'हुँकार मधेश' अभियानको जन्म भएको बताए। उनका अनुसार अभियान कुनै एक दल विशेषको नभई मधेशको भविष्य र राजनीतिक दिशाबारे बहस चलाउने साझा पहल हो।

अभियानको आन्तरिक तयारी तीव्र गतिमा भइरहेको तथा प्रारम्भिक चरणका बैठकहरू सम्पन्न भइसकेको बताइएको छ। रणनीतिक दस्तावेजहरू तयार पारिए पनि औपचारिक सार्वजनिक घोषणा नभएसम्म विस्तृत योजना गोप्य राखिएको जनाइएको छ। 'हुँकार मधेश'ले अधिकार, पहिचान, संघर्ष, जागरण र परिवर्तनलाई आफ्नो मूल उद्देश्यका रूपमा अघि सारेको छ। अभियन्ताहरूले मधेशका मुद्दालाई नयाँ ढंगले उठाउने तथा जनस्तरमा राजनीतिक चेतना अभिवृद्धि गर्ने लक्ष्य लिएको बताएका छन्।

स्रोतका अनुसार अभियानले धार्मिक स्वतन्त्रता, सनातन हिन्दुराष्ट्रको अवधारणा तथा मधेशको प्रशासनिक पुनर्संरचनासम्बन्धी विषयमा पनि बहस अगाडि बढाउने तयारी गरेको छ। विशेषगरी २२ जिल्लालाई समेट्ने गरी दुई प्रदेशको अवधारणालाई अभियानले आफ्नो प्रमुख राजनीतिक एजेन्डामध्ये एक बनाउने संकेत दिएको छ।

अभियानको नेतृत्व युवा पुस्ताले नै गर्ने र सुरुवाती तीनदेखि चार महिनासम्म मधेशसहित देशका विभिन्न स्थानमा जनसम्पर्क तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिने जनाइएको छ। त्यसक्रममा प्राप्त सुझाव र जनमतका आधारमा अभियानको आगामी दिशा तय गरिने बताइएको छ। अभियानसँग आबद्ध नेताहरूका अनुसार अन्ततः नयाँ राजनीतिक शक्ति निर्माण गर्ने सम्भावना रहे पनि तत्काल पार्टी गठनभन्दा जनमत निर्माण र नागरिकसँग संवादलाई प्राथमिकता दिइनेछ।

## रोजगारीका लागि हरियाणा पुगेका

## महोत्तरीका १६ नेपाली बन्धक, परिवारजन चिन्तित



**मधेशदृष्टि**
**महोत्तरी।**

रोजगारीका लागि भारतको हरियाणा पुगेका महोत्तरीको बर्दिबास नगरपालिकाका १६ जना नेपाली बन्धक बनाइएको खबर बाहिरिएपछि परिवारजन चिन्तित बनेका छन्। राम्रो आम्दानी र सुरक्षित भविष्यको आशामा भारत पुगेका बर्दिबास नगरपालिका–१४ स्थित एकीकृत नमुना मुसहर बस्तीका पुरुष, महिला तथा बालबालिकासहित १६ जना नेपाली नागरिक हरियाणाको एक कुखुरा फार्ममा असुरक्षित अवस्थामा रहेको जनाइएको छ।

स्थानीयका अनुसार उनीहरूलाई गत चैत १३ गते आकर्षक तलब र सुविधा दिलाइदिने आश्वासन दिँदै भारतको हरियाणा राज्य अन्तर्गत झज्जर थाना क्षेत्रको हेलन गाउँस्थित कुखुरा फार्ममा कामका लागि लगिएको थियो। मुसहर बस्तीका मञ्जय सदाका अनुसार आर्थिक अभावका कारण रोजगारीको खोजीमा भारत गएकाहरू अहिले असुरक्षित अवस्थामा छन्। उनीहरूसँग नियमित सम्पर्कसमेत हुन नसकेको उनले बताए। पीडितमध्येकी किरण सदाले फोनमार्फत आफूहरूलाई काममा लगाइए पनि पारिश्रमिक नदिइएको, विभिन्न बहानामा नियन्त्रणमा राखिएको तथा मानसिक र शारीरिक दुव्र्यवहार गरिएको जानकारी दिएपछि मात्रै परिवारजनले उनीहरू बन्धक बनाइएको थाहा पाएका थिए। यस्तै, अर्का स्थानीय कारी सदाले कुखुरा फार्ममा कामका लागि लगिए पनि अन्य विभिन्न काममा लगाउने गरिएको र तलबसमेत नदिएको बताए। उनका अनुसार त्यहाँ रहेका नेपालीहरूलाई अनावश्यक शारीरिक तथा मानसिक यातना दिने गरिएको छ। पीडित परिवारले खोजतलास, उद्धार तथा दोषीमाथि कारबाहीको माग गर्दै इलाका प्रहरी कार्यालयमार्फत नयाँदिल्लीस्थित नेपाली दूतावासमा निवेदन पठाएका छन्। त्यसपछि उनीहरूको खोजतलास सुरु गरिएको जनाइएको छ। यता भारतस्थित नेपाली दूतावासले समेत पीडितहरूको उद्धार प्रक्रिया अगाडि बढाएको स्रोतले जनाएको छ।

# नेपालमा मनसुन आउन एक साता लाग्ने

काठमाडौं ।
नेपालमा मनसुन भित्रिन अझै एक साता लाग्ने भएको छ । जल तथा मौसम विज्ञान विभागका वरिष्ठ मौसमविद् वरुण पौडेलका अनुसार अहिले दक्षिण भारतको केरला र तमिलनाडुमा मनसुन आइपुगेको र बङ्गालको खाडी हुँदै नेपालमा मनसुन आइपुग्न एक साता लाग्ने छ ।

मौसमविद् पौडेलले भने, 'यही समयमा मनसुन भित्रिन्छ भन्ने एकिन गरी भन्न सकिँदैन । तर, एक हप्ता आसपासमा मनसुन भित्रिने अनुमान गरिएको छ । तीनचार दिनमा बङ्गालको खाडीमा मनसुन पुग्ने देखिन्छ, त्यसपछि नेपालमा आउँदा एक हप्ता आसपास वा केही अघि वा केही दिनपछि पनि हुनसक्छ ।' उनका अनुसार कहिलेकाहीँ मनसुन छिटो सक्रिय भए छिट्टै भित्रने र ढिलो सक्रिय भए ढिलो आउने हुन्छ ।

नेपालमा औसत जुन १३ तारिखमा मनसुन भित्रिने मिति हो । तर, भारतमा तोकिएको औषत मिति जुन १ मा मनसुन भित्रिनेमा यसपालि केही ढिला गरेर भित्रिएको छ । त्यसैले नेपालमा पनि निर्धारित मितिभन्दा केही ढिला भित्रिने अनुमान गरिएको मौसमविद् पौडेलले जानकारी दिए । 'सामान्यत केरलामा आएको एक हप्तामित्र नेपालमा आउने हो तर त्यसको गति भने प्रणाली कति सक्रिय हुन्छ त्यसले निर्धारण गर्ने हुनाले हप्ता आसपास मनसुन भित्रिने अनसमान छ', उनले भने । यसपालि मनसुनमा औसतभन्दा कम वर्षा हुने र गर्मी बढी हुने आकलन गरिएको छ । कुनैकुनै क्षेत्रमा अतिवृष्टि वा अनावृष्टि हुने सक्ने सम्भावनासमेत रहेको मौसमविद्हरूले अनुमान गरेका छन् ।

यसपालि मनसुनको समयमा ५१ हजार परिवारका दुई लाख २६ हजार नागरिक प्रभावित हुने अनुमान गरिएको उल्लेख गर्दै सोहीअनुसार प्रतिकार्य राष्ट्रिय योजना बनाएर लागू गरिएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणकी प्रवक्ता शान्ति महतले जानकारी दिए । रासस

# भारतसँग नेपालको समृद्धिको एजेण्डालाई प्राथमिकताका साथ उठाएको छुः सभापति लामिछाने

काठमाडौं ।
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति एवं पूर्वउपप्रधानमन्त्री रवि लामिछानेले भारत भ्रमणका क्रममा समृद्धिको एजेण्डालाई प्राथमिकताका साथ अगाडि सारेको बताएका छन् । भारत भ्रमण सम्पन्न गरी शुक्रबार स्वदेश फर्केका सभापति लामिछानेले त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलमा पत्रकारहरूसँग कुरा गर्दै भारतसँग खेलकुददेखि सूचना प्रविधिसम्मका विषयमा सहकार्यबारे छलफल भएको बताए । उनले भने, 'रास्वपा नेतृत्वको सरकारले कस्तो किसिमको सहयोग र सहभागिता चाहन्छ भन्ने कुरा स्पष्ट पारिएको छ, कनेक्टिभिटीदेखि धार्मिक पर्यटनसम्मका विषयमा हाम्रा प्राथमिकता के हुन् ? हामीले हाम्रो सम्बन्धबाट कस्तो लाभको अपेक्षा गरिरहेका छौं ? यी सबै विषयमा हामीले स्पष्ट भनाइ राखेका छौं ।'

भारतमा रहेका नेपाली नागरिकका समस्या समाधानका लागि त्यहाँस्थित नेपाली दूतावास र त्यहाँ रहेका नेपाली संयन्त्रलाई अझ चुस्त बनाउने विषयमा पनि कुरा भएको उनले बताए । सभापति लामिछानेले नेपाल–भारतबीचको सीमासम्बन्धी विवादको विषय कूटनीतिक रुपमा समाधान गरिने बताए । उनले भने, 'कूटनीतिको माध्यमबाट गरिने प्रयास महत्वपूर्ण हुन्छ, तिनको आवाज ढोल बजाएर हुँदैन, तर ढोल नबजाइकन देशका बारेमा गर्नुपर्ने ठाउँमा, गर्नुपर्ने जसरी र चरणबद्ध तरिकाले गर्नुपर्ने हुन्छ, त्यसैले कूटनीतिक ढङ्गले अगाडि बढेको छ ।'

भारतसँगको सीमाका विषयमा परराष्ट्र मन्त्रालयको जवाफ आधिकारिक भएको उनको भनाइ थियो ।

सभापति लामिछानेले भारतीय जनता पार्टीका अध्यक्ष र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई नेपाल भ्रमणका लागि निमन्त्रणा दिएको जानकारी गराउँदै त्यसबारे उहाँहरू सकारात्मक रहेको बताए । नेपालका प्रधानमन्त्री भारत भ्रमण जाने कुरा समय र परिस्थितिअनुसार तय हुने उनको भनाइ छ । उनले भने, 'सरकार र पार्टी सञ्चालनमा प्रधानमन्त्री र मैले जिम्मेवारी बाँडफाँट गरेका छौं, सरकारलाई काममै केन्द्रित गर्ने वातावरण सृजना गरेका छौं ।'



सभापति लामिछानेले भारतीय जनता पार्टी (भाजपा)का राष्ट्रिय अध्यक्ष नितिन नवीनको निमन्त्रणामा पाँचदिने भारत भ्रमणमा गएका थिए । उनलाई शुक्रबार नयाँ दिल्लीस्थित इन्दिरा गान्धि अन्तर्राष्ट्रिय विमानस्थलमा नेपालका कार्यवाहक राजदूत डा. सुरेन्द्र थापा तथा भारतीय जनता पार्टी (भाजपा)का विदेश मामिला विभागका प्रमुख डा. विजय चौथाइवालेले बिदाइ गरेको नयाँ दिल्लीस्थित नेपाली दूतावासले जनाएको छ ।

भ्रमणका क्रममा सभापति लामिछानेले भारतका प्रधानमन्त्री नरेन्द्र मोदी, विदेशमन्त्री डा एस जयशंकर, गृहमन्त्री अमित शाह र भाजपा अध्यक्ष नवीनसँग छुट्टाछुट्टै भेटवार्ता गरेका थिए । सो अवसरमा दुई पक्षबीच द्विपक्षीय सम्बन्ध विस्तार तथा आपसी हितका विविध विषयमा छलफल भएको बताइएको छ । सभापति लामिछाने नेतृत्वको प्रतिनिधिमण्डलमा उनकी धर्मपत्नी निकिता पौडेल, रास्वपाका सहमहामन्त्री तथा प्रतिनिधिसभा सदस्य विपिनकुमार आचार्य, रास्वाका सचिवालय सदस्य तथा प्रतिनिधिसभा सदस्य दीपक बोहरा र स्वकीयसचिव प्रदीप आचार्य थिए । रासस

# सार्वजनिक सेवा प्रसारण संस्थाको स्याटेलाइट खरिद प्रकरणबारे छानबिन समिति गठन

काठमाडौं ।
सूचना तथा सञ्चार मन्त्रालयले सार्वजनिक सेवा प्रसारण संस्थामा देखिएको भनिएको आर्थिक अनियमितता, प्रक्रियागत कमजोरी तथा वित्तीय अनुशासन उल्लङ्घनसम्बन्धी विषयमा अध्ययन एवं छानबिन गर्न समिति गठन गरेको छ ।

मन्त्रालयले आफ्नो आन्तरिक जानकारी प्रयोजनका लागि विभिन्न निकायमा परेका उजुरी, महालेखा परीक्षकको कार्यालयका प्रतिवेदन तथा सार्वजनिक सरोकारका विषयलाई समेत आधार बनाएर स्वतन्त्र र तथ्यपरक अध्ययनका लागि समिति गठन गरेको हो ।

गठित समितिको संयोजकमा इन्जिनियर डा आभाष मास्के रहनुभएको छ । समितिको सदस्यमा उमेश रुपाखेती, टीकाराम कार्की र नवीनकुमार मिश्र हुनुहुन्छ ।

मन्त्रालयका अनुसार सार्वजनिक सेवा प्रसारण संस्थाले आफ्ना च्यानलहरू भूउपग्रहमार्फत प्रसारण गर्न विदेशी स्याटेलाइट ब्याण्डविथ सेवा प्रदायक कम्पनीहरूसँग सन् २००२ देखि हालसम्म निरन्तर रूपमा भाडा सम्झौता गर्दै आएको छ । ती सम्झौतामा समय–समयमा च्यानल थप गर्ने, स्ट्यान्डर्ड डेफिनेसन (एसडी)बाट हाई डेफिनेसन (एचडी)मा रूपान्तरण गर्ने, पूरक सम्झौता गर्ने तथा उपकरण खरिदसम्बन्धी निर्णयहरूमा प्रश्न उठ्दै आएका छन् ।

विभिन्न निकायमा यी विषयसँग सम्बन्धित उजुरी पएका थिए । साथै, महालेखा परीक्षकको कार्यालयका वार्षिक प्रतिवेदन, सञ्चारमाध्यममा प्रकाशित सामग्री तथा विभिन्न माध्यमबाट आएका गुनासोहरूमा प्रक्रियागत अनियमितता, अनावश्यक आर्थिक भार सृजना, प्रतिस्पर्धाविनै सम्झौता, वित्तीय अनुशासन उल्लङ्घन तथा स्वार्थको द्वन्द्वजस्ता विषय उठाइएका थिए ।

मन्त्रालयले यी सम्पूर्ण विषयको अध्ययन गरी २१ दिनभित्र सुझावसहितको प्रतिवेदन पेस गर्ने कार्यादेशसहित समिति गठन गरेको हो । मन्त्रालयले समितिलाई स्याटेलाइट सेवा खरिद र व्यवस्थापनसँग सम्बन्धित विगतका सम्झौता, सेवा विस्तार, प्रविधि रूपान्तरण तथा उपकरण खरिद प्रक्रियाको अध्ययन गरी आवश्यक सुझावसहित प्रतिवेदन बुझाउन जिम्मेवारी दिएको छ । रासस

# वैदेशिक रोजगार व्यवसायीले श्रमिकको नियमित अनुगमन गर्नुपर्ने

काठमाडौं ।
विदेशमा कार्यरत नेपाली श्रमिकहरूले रोजगार सम्झौताअनुसार तलब, सेवासुविधा तथा सुरक्षित आवास नपाएको लगायतका गुनासो बढ्दै गएपछि सरकारले वैदेशिक रोजगार व्यवसायी तथा सम्बन्धित निकायलाई श्रमिकहरूको नियमित अनुगमन गर्न निर्देशन दिएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले युवा, श्रम तथा रोजगार मन्त्रालय र परराष्ट्र मन्त्रालयलाई पत्र लेख्दै नियमित अनुगमन कार्यान्वयन गराउनका लागि निर्देशन दिएको हो । पत्रमा वैदेशिक रोजगारमा गएका नेपाली श्रमिकहरूको हक, हित, सुरक्षा तथा श्रम अधिकारको प्रभावकारी संरक्षणका लागि विभिन्न व्यवस्था कार्यान्वयन गर्न निर्देशन दिइएको छ ।

निर्णयअनुसार इजाजतपत्रप्राप्त सबै वैदेशिक रोजगार व्यवसायीले आफूहरूले विदेश पठाएका श्रमिकहरूको नियमित अनुगमन गर्नुपर्नेछ । प्रत्येक श्रमिक समूहबाट कम्तीमा ५ देखि १० जनासम्मसँग प्रत्यक्ष सम्पर्क गरी रोजगार सम्झौताअनुसार तलब, सेवा–सुविधा, आवास, कार्य वातावरण तथा अन्य सर्तहरूको कार्यान्वयन अवस्थाबारे जानकारी सङ्कलन गर्नुपर्ने व्यवस्था गरिएको छ । सङ्कलित विवरणको व्यवस्थित अभिलेख राखी आवश्यक पर्दा सम्बन्धित निकायलाई उपलब्ध गराउनुपर्ने छ । साथै रोजगार सम्झौताविपरीत अवस्था भेटिएमा सम्बन्धित रोजगारदाता कम्पनीसँग तत्काल समन्वय गरी समस्या समाधान गर्नुपर्ने निर्देश गरिएको छ ।

सरकारले विदेश जानुअघि प्रत्येक श्रमिकलाई रोजगार सम्झौता, गन्तव्य मुलुकको कानुन, श्रम अधिकार, उपलब्ध सेवा–सुविधा तथा गुनासो दर्ता प्रक्रियाबारे स्पष्ट जानकारी दिनुपर्ने व्यवस्था पनि लागू गर्न आग्रह गरेको छ । त्यसैगरी, विदेशमा रहेका श्रमिकले समस्या भोग्नुपरेमा सम्बन्धित वैदेशिक रोजगार व्यवसायीले तत्काल सुनुवाइ गरी समाधान प्रक्रिया अघि बढाउनुपर्ने र आवश्यक परे उद्धार तथा क्षतिपूर्तिका लागि सम्बन्धित निकायसँग समन्वय गर्नुपर्ने उल्लेख गरिएको छ ।

समस्या समाधान नभएमा श्रमिकहरूले परराष्ट्र मन्त्रालय, युवा, श्रम तथा रोजगार मन्त्रालय, हेलो सरकार, समाधान कल सेन्टर, नेपाली राजदूतावास वा महावाणिज्य दूतावास, वैदेशिक रोजगार विभाग तथा अन्य सरकारी संयन्त्रमार्फत गुनासो दर्ता गर्न सक्ने व्यवस्था प्रभावकारी बनाउन पनि निर्देशन दिइएको छ ।

सरकारले रोजगार सम्झौताविपरीत कार्य गर्ने रोजगारदाता कम्पनी, श्रमिकको नियमित अनुगमन नगर्ने वैदेशिक रोजगार व्यवसायी, गुनासो व्यवस्थापनमा लापरवाही गर्ने पक्षमाथि प्रचलित कानुनबमोजिम कारवाही गरिने स्पष्ट गरेको छ । साथै, विदेशमा रहेका नेपाली श्रमिकहरूको अवस्थासम्बन्धी नियमित प्रतिवेदन संकलन, विश्लेषण तथा अनुगमन गरी श्रमिक हित संरक्षणका लागि आवश्यक नीतिगत तथा संस्थागत सुधारका कार्यक्रम अघि बढाइने जनाइएको छ । रासस

# जलवायु एवं प्रकृतिमैत्री विकासलाई प्राथमिकता दिन मन्त्री चौधरीको आह्वान




काठमाडौं ।
कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले जलवायु परिवर्तनका चुनौतीबीच आर्थिक समृद्धि र वातावरण संरक्षणलाई सँगसँगै अघि बढाउनुपर्ने बताएकी छिन् ।

विश्व वातावरण दिवस २०२६ को मूल समारोहलाई सम्बोधन गर्दै उनले 'समृद्ध भविष्यको आधारः जलवायु एवं प्रकृतिमैत्री विकास' भन्ने नाराले नेपालको दिगो विकास यात्रालाई मार्गदर्शन गर्ने बताइन् ।

जलवायु परिवर्तनमा नेपालको योगदान न्यून रहे पनि हिमालदेखि तराईसम्म यसको असर स्पष्ट देखिन थालेको उनको भनाइ छ । मन्त्री चौधरीले सरकारले जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलनलाई राष्ट्रिय विकास योजनाको अभिन्न अङ्गका रूपमा अघि बढाइरहेको उल्लेख गर्दै हरित अर्थतन्त्रको विकासलाई नीतिगत तहबाट व्यावहारिक कार्यान्वयनको चरणमा प्रवेश गराइएको बताइन् । उनले जलवायु वित्तमा पहुँच विस्तार, वन, कृषि, ऊर्जा तथा जैविक विविधतामा आधारित हरित अर्थतन्त्रको प्रवर्द्धनमा सरकार केन्द्रित रहेको जानकारी दिइन् ।

उनले विपद्पछिको उद्धारभन्दा विपद् आउन नदिन पूर्वतयारीमा आधारित विकास प्रणालीलाई प्राथमिकता दिइएको बताउँदै जलवायु उत्थानशील पूर्वाधार निर्माणमा जोड दिइन् । सामुदायिक वन व्यवस्थापन, जैविक विविधता संरक्षण तथा स्थानीय समुदायको सहभागितामार्फत नेपालले अन्तराष्ट्रियस्तरमा विशिष्ट पहिचान बनाएको उल्लेख गर्दै मन्त्री चौधरीले जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको मूल्य अभिवृद्धिबाट संरक्षणसँगै समृद्धि हासिल गर्न सकिने बताइन् ।

वातावरण संरक्षणका लागि वायु प्रदूषण नियन्त्रण महत्त्वपूर्ण रहेको उल्लेख गर्दै उनले देशका ३० स्थानमा स्थापना गरिएका वायु गुणस्तर मापन केन्द्रले तथ्यमा आधारित नीति निर्माणमा सहयोग गरिरहेको बताइन् । प्रमुख सहरमा वायु प्रदूषण मापन केन्द्रको स्तरोन्नति तथा केन्द्रीय वातावरण प्रयोगशालाको क्षमता अभिवृद्धि गर्ने सरकारी नीति रहेको पनि उनले जानकारी दिइन् ।

मन्त्री चौधरीले वातावरण विभागको नेतृत्वमा राष्ट्रिय वायु गुणस्तर व्यवस्थापन कार्ययोजना तथा काठमाडौं उपत्यकाको वायु गुणस्तर व्यवस्थापन कार्ययोजना निर्माणलाई प्राथमिकता दिइएको बताइन् । साथै, नेपालको तेस्रो राष्ट्रिय निर्धारित योगदान (एनडिसी) कार्यान्वयन, उत्सर्जन व्यवस्थापन तथा वातावरणीय तथ्याङ्क प्रणाली सुदृढीकरणमा विभागको महत्त्वपूर्ण भूमिका रहने उनको भनाइ थियो ।

जलवायु परिवर्तनले जलस्रोत प्रणालीमा गम्भीर असर पारेको उल्लेख गर्दै उनले हिमनदी पग्लिने, अनियमित वर्षा, बाढी, पहिरो तथा डढेलोका घटनाले जीवन, जीविकोपार्जन र अर्थतन्त्र प्रभावित भएको बताइन् । नदी, ताल, सिमसारलगायत जल प्रणालीमा प्रदूषण नियन्त्रण तथा पारिस्थितिकीय बहाव संरक्षणमार्फत जलस्रोतको दिगो व्यवस्थापन गर्नुपर्नेमा उनले जोड दिइन् ।

जलवायु एवं प्रकृतिमैत्री विकास सरकारको एकल प्रयासबाट सम्भव नहुने उल्लेख गर्दै मन्त्री चौधरीले निजी क्षेत्र, शैक्षिक संस्था, अनुसन्धान केन्द्र, नागरिक समाज, सञ्चार क्षेत्र तथा आमनागरिकलाई यस अभियानलाई राष्ट्रिय आन्दोलनका रूपमा अघि बढाउन आह्वान गरिन् ।

उनले प्रकृतिको संरक्षण गर्दै आर्थिक अवसर सिर्जना गर्ने, वर्तमान पुस्ताको आवश्यकता पूरा गर्दै भावी पुस्ताको अधिकार सुरक्षित गर्ने तथा हरित, उत्थानशील र समृद्ध नेपाल निर्माण गर्ने लक्ष्यमा सबैको साझा प्रतिबद्धता आवश्यक रहेको बताइन् । रासस

# बाँदर आतङ्कको समाधान खोज्दै सरकार, कार्यदलले माग्यो राय सुझाव

काठमाडौं ।
सरकारले बाँदर तथा अन्य वन्यजन्तुले कृषि बालीनालीमा पुर्याइरहेको क्षति नियन्त्रणका उपाय खोज्न सर्वसाधारणबाट सुझाव सङ्कलन सुरु गरेको छ । कृषि, वन तथा पर्यावरण मन्त्रालयअन्तर्गत गठित 'मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन, प्राविधिक कार्यदलले उक्त विषयमा १५ दिनभित्र राय सुझाव उपलब्ध गराउन अनुरोध गरेको हो । बाँदर, बँदेल, नीलगाई र दुम्सीलगायतका वन्यजन्तुबाट हुने क्षति कम गर्ने उपाय र नीतिगत सुधारका लागि कार्यदलले सर्वसाधारण तथा विज्ञहरूसँग सुझाव मागेको हो ।

मन्त्रालयका उपसचिव एवं कार्यदलका सदस्य शिला इवालीले किसान, स्थानीय तह, सरोकारवाला निकाय तथा विज्ञहरूको अनुभव र प्राविधिक सुझावका आधारमा व्यावहारिक तथा कार्यान्वयनयोग्य समाधान खोज्न लागेको बताइन् । उक्त विषयमा इच्छुकले आफ्नो राय सुझाव प्राविधिक कार्यदलको सचिवालय, मन्त्रालयको वेबसाइटमा सार्वजनिक गरिएको इमेल र क्युआर कोडमार्फत उपलब्ध गराउन सक्ने जनाएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कृषि वन तथा पर्यावरण मन्त्रालय, गृह मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, वन तथा भूसंरक्षण विभाग, त्रिभुवन विश्वविद्यालय, राष्ट्रिय प्रकृति संरक्षण कोषलगायतका प्रतिनिधिहरू, संरक्षणकर्मी तथा अनुसन्धानकर्ता, अर्थविद्, कृषि, पशु चिकित्सकलगायतका विज्ञ सदस्यहरू उक्त कार्यदलमा छन् । कार्यदलका संयोजक होम क्षेत्रीले मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापनका लागि नीति, कार्यक्रम, राहत, क्षतिपूर्ति र व्यावहारिक व्यवस्थापनका उपायबारे राय सुझाव सङ्कलन गरिने बताए । बाँदरलगायत वन्यजन्तुबाट पीडितकिसानलाई तत्काल राहत दिन र दीर्घकालीन रणनीति बनाउन पूर्व संयुक्त राष्ट्रसङ्घीय अन्तरराष्ट्रिय विज्ञ क्षेत्रीको समन्वयमा उक्त कार्यदलले स्थलगत अध्ययनसमेत अघि बढाइसकेको छ । 'कार्यदलले देशीभरिबाट व्यावहारिक एवं कार्यान्वयनयोग्य उपाय माग्ने र स्थलगत रूपमा काम सुरु गरिसकेको छ', उनले भने ।

पूर्वी पहाडदेखि सुदूरपश्चिमसम्म वन्यजन्तुको निरन्तर आक्रमणका कारण हजारौँ परिवार खेतीपाती छोड्न, दिनरात खेतबारी कुर्न र कतिपय ठाउँमा गाउँ नै छाडेर बसाइँ सर्न बाध्य भएकाले सरकारले यस समस्यालाई निकै गम्भीरताका साथ लिएको छ । प्रधानमन्त्री बालेन्द्र शाहले प्रतिनिधिसभाको यही जेठ १७ गतेको बैठकमा सांसदहरूसँगको प्रश्नोत्तरका क्रममा उक्त समस्या समाधानका लागि कार्यदल गठन भएको जानकारी गराएका थिए । उनले भनेका थिए, 'बाँदरको समस्या गम्भीर छ, विश्वको सन्दर्भमा हेर्दा पनि बाँदरबाट बाली बचाउनका लागि खेतलाई वायरिङमार्फत घेरेर राख्ने वा जङ्गलमै वायरिङ गर्ने चलन छ, जुन निकै खर्चिलो हुन्छ, मानव बस्ती र वन्यजन्तु छुट्याएर राखिन्छ, यसबारे अध्ययन गर्न कार्यदल बनेको छ ।'

उक्त विषय पेचिलो भएको उल्लेख गर्दै प्रधानमन्त्री शाहले देशविदेशमा के–कस्ता उपाय अपनाएका छन्, सो विषयमा अध्ययन भइरहेको र कार्यदलको प्रतिवेदन आएपछि सरकारले काम गर्ने बताएका थिए ।

सन् २०२२ को एक अध्ययनअनुसार मध्यपहाडका ६० प्रतिशतभन्दा बढी घरपरिवारले बाँदरका कारण ठूलो बाली नोक्सानी व्यहोरेका छन् भने एक तिहाइभन्दा बढीले खेती गर्न नै छाडिसकेका छन् । अर्घाखाँचीमा गरिएको एक अध्ययनले ७४ प्रतिशत घरपरिवारले खेतीपाती छाडेको र ९० प्रतिशतभन्दा बढीलाई राहत प्याकेजबारे थाहै नभएको पाइएको थियो । सन् २०२६ फेब्रुअरीमा सरकारले औपचारिक रूपमा रातो बाँदरलाई कृषि हानिकारक वन्यजन्तु घोषणा गरी किसानलाई पूर्वस्वीकृतिबिना नै तिनलाई धपाउन वा नियन्त्रणमा लिन अनुमति दिने नीति ल्याएको थियो । यो अब कुनै स्थानीयस्तरको झन्झटमात्र नभएर सिधैँ ग्रामीण जीविकोपार्जन, खाद्य सुरक्षा र तीव्र बसाइँसराइ रोक्ने राष्ट्रिय मुद्दा बनेकाले सरकार यसको दिगो समाधान निकाल्न लागिपरेको छ ।

कार्यदलले उक्त विषयमा देशभित्र र विदेशमा रहेका संयुक्त राष्ट्रसङ्घ, डब्लुडब्लुएफ, आइयुसीएन, आइसीआइएमओडी तथा डायस्पोरामा रहेका नेपाली विशेषज्ञ र विशिष्टिकृत संस्थाका विज्ञसँग परामर्श लिने तयारी गरेको जनाएको छ । वन्यजन्तु व्यवस्थापनका अतिरिक्त बहुआयामिक कोणबाट हेर्नका लागि कार्यदलले आफ्नो आन्तरिक कामलाई विभिन्न छ विषयगत समूहमा विभाजन गरेको संयोजक क्षेत्रीले जानकारी दिए । नीति, कानुनी रूपरेखा र संस्थागत सुशासन, वन्यजन्तु विज्ञान, संख्या व्यवस्थापन, पारिस्थितिकीय र पाइलट हस्तक्षेप, कृषि, जीविकोपार्जन र न्यूनीकरणका उपाय, सामुदायिक संलग्नता, परामर्श र मानव वन्यजन्तु सहअस्तित्व, वित्तपोषण, स्रोत परिचालन, साझेदारी र अन्तराष्ट्रिय उत्कृष्ट अभ्यास तथा सञ्चार, विश्लेषण र अन्तिम प्रतिवेदन लेखनजस्ता क्षेत्रमा काम सुरु भइसकेको छ ।

यी क्षेत्रको अवस्था, हालसम्म भएका कामको प्रभावकारिता, तत्काल चाल्नुपर्ने कदम, मध्य तथा दीर्घकालीन उपाय र दिगो संस्थागत सुशासनको साझा विश्लेषणात्मक रूपरेखामा आधारित भई अध्ययन अघि बढाइएको हो । कार्यदलले प्रविधिको उच्च प्रयोग गर्दै दीर्घकालीन रूपमा द्वन्द्वका घटना ट्र्याक गर्न एउटा विशेष वेबसाइट विकास गरिसकेको छ । कार्यदलले सर्वसाधारण र विज्ञहरूले सजिलै आफ्ना अमूल्य सुझाव सिधैँ अनलाइनमार्फत पठाउन सहजताका लागि ह्वाट्सएप र इमेल च्यानलसमेत तयारी अवस्थामा राखिएको जनाएको छ । कार्यदलले भारतको हिमाचल प्रदेशले सन् २००६ देखि सुरु गरेको दक्षिण एसियाकै पहिलो बाँदर बन्ध्याकरण कार्यक्रम र त्यहाँका अन्य प्राविधिक अनुभवलाई समेत नजिकबाट विश्लेषण गरिरहेको संयोजक क्षेत्रीले बताए ।

बाँदरको बन्ध्याकरण वा स्थानान्तरणले मात्र एकल रूपमा काम नगर्ने देखिएकाले नेपालको विशिष्ट परिस्थिति सुहाउँदो बासस्थान समृद्धि, प्राकृतिक प्रतिरोध (जस्तै लङ्गुरको प्रयोग) र बाँदरले नखाने वैकल्पिक बालीतर्फ किसानलाई आकर्षित गर्नेजस्ता संयुक्त विज्ञान आधारित प्याकेजका विकल्पमा गहन छलफल भइरहेको छ । सन् २०२३ को निर्देशिकाबमोजिम उपलब्ध गराइने राहत प्रणालीमा रहेका प्रशासनिक झन्झट, बजेट प्रवाहको समस्या र सुस्त क्षति मूल्याङ्कनको अन्त्य गर्न कार्यदलले बाली तथा पशुधन बीमा र अक्षय कोषको नयाँ मोडलमा समेत काम गरिरहेको छ ।

गत जेठ ५ गते गठन भएको कार्यदलले तीन महिनाभित्र पूर्ण प्रतिवेदन पठाउने जिम्मेवारी पाएको छ ।

देशैभरिका प्रभावित किसान, समुदायका प्रतिनिधि र विज्ञहरूलाई समेटेर प्रमाणमा आधारित अर्थपूर्ण प्रतिवेदन तयार पार्न कार्यदल लागिपरेको संयोजक क्षेत्रीको भनाइ छ । कार्यदलले केवल दस्तावेज समीक्षामा मात्र सीमित नरहेर सिधैँ फिल्डमा गई 'पाइलट परीक्षण' गर्ने तयारीसमेत गरेको छ । यसले सरकारलाई बुझाउने अन्तिम प्रतिवेदन केवल सैद्धान्तिक नभई स्थलगत परीक्षणबाट प्रमाणित र जमिनको वास्तविक भोगाइलाई प्रतिबिम्बित गर्ने ठोस मार्गचित्र बन्ने कार्यदलको विश्वास छ । रासस

# सुकुम्बासी महिलाको घर निर्माणमा जुटे सांसद शाक्य



**मधेशदृष्टि**
**वीरगंज।**
पर्सा निर्वाचन क्षेत्र नं. ४ का सांसद टेकबहादुर शाक्यको आहावानमा ठोरीका बासिन्दाहरू अतिविपन्न सुकुम्बासी एकल महिलाको घर निर्माणमा जुटेका छन् । ठोरी–१, भगवाननगर टाडी निवासी अतिविपन्न भूमिहीन सुकुम्बासी कुमारी सुनारको घर निर्माणका लागि उनीहरू श्रमदानमा जुटेका हुन्। घर निर्माणको लागि शुक्रवार सांसद शाक्यले शिलान्यास गरेका हुन् । जेठ १० गते आएको ◌ हावा हुरीले एकल महिला सुनारको घर उडाइदिए पछि, विहीवार साँझ सांसद शाक्यले घर निर्माणको लागि जनश्रम आहावान गर्नुभएको थियो। सो आग्रह बमोजि शुक्रवार विहान देखि श्रमदान गर्न जनसमुदाय निर्माण स्थलमा पुगेका हुन् । जनश्रममा स्थानीय प्रहरी युनिटको पनि सहभागि छ।

आर्थिक अभावका कारण घरको भग्नावशेषसमेत हटाउन नसकिएको अवस्थामा सांसद शाक्यको नेतृत्वमा सहभागीहरूले श्रमदानमार्फत घरको भग्नावशेष हटाएर सोही स्थानमा दुइकोठे पक्की भित्तावला घर निर्माणे शिलान्यास गरिएको हो । शिलान्यास कार्यक्रममा सांसद शाक्यले कुमारी सुनारको घर सरकारी बजेटबाट नभई समाजका विभिन्न क्षेत्रका व्यक्तिहरूको स्वेच्छिक सहयोगबाट निर्माण गरिने घोषणा गरेका छन्।

उक्त संगै कार्यक्रमस्थलमै रु. १ लाख ५१ हजारभन्दा बढीको नगद तथा निर्माण सामाग्री संकलन भएको छ, आवयक बाँकी रकम संकलन भइरहेको जनाइएको छ।

# ज्ञानवाटिका मा.वि.लाई ६ थना कम्प्युटर

**मधेशदृष्टि**
**वीरगंज।**
एभरेष्ट बैंक लिमिटेडले ठोरी–५ सुवर्णपुर स्थित ज्ञानवाटिका माविलाई ६ थान कम्प्युटर प्रदान गरेको छ । वित्तीय सामाजिक उत्तरदायित्व अन्तरगत विपन्न परिवारका विद्यार्थीलाई कम्प्युटर शिक्षामा पहुँच पुर्याउने उद्धेश्यले शुक्रवार विद्यालयमा नै पुगेर कम्प्युटर हस्तान्तरण गरिएको एभरेष्ट बैंक मधेश प्रदेश कार्यालयले जनाएको छ।

विद्यालयमा आयोजित एक कार्यक्रममा बैङ्कका मधेस प्रदेश प्रमुख पुष्करराज उप्रेतीले ज्ञानवाटिका माविका प्रधानाध्यापक बिर्जु प्रसाद चौधरीलाई ६ थान कम्प्युटर र तीन थान फूटवल हस्तान्तरण गरेका हुन् । ज्ञानवाटिका माविमा अध्ययनरत अधिकांश विद्यार्थी निम्न वर्गीय पृष्ठभूमिको रहेको र विपन्न बालबालिकाले पनि कम्प्युटरको ज्ञान लिन पाउनुपर्छ भन्ने उद्देश्यका साथ कम्प्युटर प्रदान गरिएको बैंकका प्रदेश प्रमुख उप्रेतीले बताए।

कार्यक्रममा बैङ्कका बिरगंज शाखा प्रमुख विनय उपाध्याय, भन्सार एजेन्ट संघ पर्साका अध्यक्ष राजमान तामाङ , नेपाल शिक्षक महासंघ ठोरीका अध्यक्ष अमृत श्रेष्ठ लगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रम विद्यालय व्यवस्थापन समितिका सदस्य बिमल खडकाको अध्यक्षतामा भएको हो।

# ‘मधेश सरकार विपद्प्रतिरोधी समाज निर्माण गर्न कटिबद्ध छ’



**सर्लाही।**
मधेश प्रदेश सरकारका मुख्यमन्त्री कृष्णप्रसाद यादवले सबैसँग सहकार्य गरी विपद् प्रतिरोधी समाज निर्माण गर्न प्रदेश सरकार कटिबद्ध रहेको बताएका छन् । शुक्रबार सर्लाहीको बागमती नगरपालिका–११ कर्मैयास्थित वाग्मती नदीकिनारमा आयोजित अभ्यास हातेमालो कार्यक्रमलाई सम्बोधन गर्दै उनले सहकार्य र समन्वयमार्फत विपद्प्रतिरोधी समाज निर्माण गर्ने प्रतिबद्धता जनाए।

प्रदेश सरकार विपद् व्यवस्थापन र उद्धारकार्यमा संलग्न रही सबै सुरक्षा निकायसँग सहकार्य गर्दै विपत्ति प्रतिरोधी समाज निर्माण गर्न तयार रहेको मुख्यमन्त्री यादवको भनाइ छ।

उहाँले मधेशले विगतमा भोगेका प्राकृतिक विपत्ति र त्यसबाट जनधनमा पुगेको क्षतिको विश्लेषण गरी आगामी कार्ययोजना तयार गर्ने दाबी गरे । मुख्यमन्त्री यादवले नेपाली सेनाले विगतमा आमनागरिकको जनधनको क्षति न्यूनीकरणमा खेलेको भूमिका प्रशंसनीय रहेको बताए । सरकारले नीतिगत निर्णय गर्ने गरेको भएपनि त्यसको कार्यान्वयनको तहमा सुरक्षा निकायको महत्वपूर्ण भूमिका रहेको उनको दाबी छ।

कार्यक्रममा प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले नागरिकको जनधनको सुरक्षाका लागि सरकार चनाखो रहेको बताए। उनले यस्ता कार्यलाई व्यापक बनाउन सके सुरक्षा निकायमा दक्षता वृद्धि हुने र प्राकृतिक विपत्तिका क्रममा त्यसको सदुपयोग गरी जनधनको रक्षा गर्न सकिने उल्लेख गरे । भौगोलिक रूपमा प्राकृतिक विपत्तिको अधिक जोखिम रहेको मधेश प्रदेशमा हरेक वर्ष ठूलो सङख्यामा नागरिक प्रभावित हुने गरेका उनले बताए।

प्राकृतिक विपत्तिबाट हुने क्षति न्यूनीकरणको उद्देश्यसहित नेपाली सेनाको मध्यपूर्वी पृतना र मधेश प्रदेश सरकारको संयुक्त आयोजनामा हातेमालो कार्यक्रम आयोजना गरिएको पृतनापति उपरथी भुवन खत्रीले बताए । यस किसिमको कार्यक्रमको यो आठौँ संस्करण रहेको उनले जानकारी दिए । कार्यक्रममा मधेश प्रदेश सरकारका अर्थमन्त्री युवराज भट्टराई, ईश्वरपुर नगरपालिकाका प्रमुख मनोजकुमार आचार्य, मधेश प्रदेशभरिका विभिन्न गणका सेना प्रमुखको समेत उपस्थिति थियो । जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी होमप्रसाद घिमिरे, बागमती नगरपालिका–११ का वडाध्यक्ष प्रदीप आचार्य, चन्द्रपुर नगरपालिका–१ का वडाध्यक्ष बलराम राउत, नेपाल प्रहरी तथा सशस्त्र प्रहरीका प्रमुखलगायतको सहभागिता थियो।

अभ्यास हातेमालोअन्तर्गत नेपाली सेनाका सुरक्षाकर्मी टोलीले आगलागी, बाढी, डुबानलगायत प्राकृतिक प्रकोपका क्रममा नागरिकको जनधनको रक्षाका लागि गर्ने उद्धारकार्य प्रदर्शन गरेका थिए । मुख्यमन्त्री यादव तथा अन्य अतिथिहरूले उक्त कार्यको अवलोकन गरे। रासस

# मधेशमा तीनदिन तातो हावा चल्ने सावधानी अपनाउन आग्रह

**मधेशदृष्टि**
**वीरगंज।**
जल तथा मौसम विज्ञान विभाग र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले अबको तीन दिन देशका तराई भेगमा तातो हावाको लहर तथा अत्यधिक गर्मी हुने भएकाले सावधानी अपनाउन आग्रह गरेका छन् । विभागका अनुसार कोशी, मधेस, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई भूभागका केही ठाउँमा अधिकतम तापक्रम ३८ डिग्री सेल्सियस वा योभन्दा बढी रहने सम्भावना छ । मधेश र लुम्बिनी प्रदेशका तराई भूभागका थोरै ठाउँमा तीन दिनसम्म मध्यम तातो लहर हुने विभागले जनाएको छ।

विभागले बर्दिया, बाँके, दाङ, कपिलवस्तु, रुपन्देही, नवलपरासी बर्दघाट सुस्तापश्चिम, पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा र सप्तरीका नागरिकलाई तातो हावा चल्न सक्ने भएकाले सतर्क रहन अनुरोध गरेको छ।

# विश्व वातावरण दिवसमा विविध कार्यक्रम

**मधेशदृष्टि**
**वीरगंज।**
विश्व वातावरण दिवसका अवसरमा वीरगंजका विभिन्न स्थानमा वृक्षारोपण, सरसफाइ तथा जनचेतनामूलक कार्यक्रमहरू सम्पन्न भएका छन् । वीरगंज महानगरपालिका, ग्रीनसिटी सामुदायिक प्रहरी आदर्शनगर र सशस्त्र प्रहरी बल नेपाल को संयुक्त आयोजनामा मितेरी पुल क्षेत्रमा वृक्षारोपण तथा सरसफाइ कार्यक्रम गरिएको हो।

कार्यक्रममा विभिन्न प्रजातिका बिरुवा रोपिनुका साथै सरसफाइ गरिएको थियो । यसैगरी, प्रकृति सेवा प्रतिष्ठान नेपाल र जीवन ज्योती स्कुल को सहकार्यमा भिस्वा डाँडामा २५ वटा बिरुवा रोपिएको छ । त्यस्तै, गुरुकुल एकेडेमी तथा न्जूए स्कूलले पनि वृक्षारोपण, सरसफाइ र सचेतनामूलक ¬याली आयोजना गरेका छन्।

कार्यक्रमका सहभागीहरूले वातावरण संरक्षण, हरियाली प्रवद्र्धन तथा स्वच्छ समाज निर्माणका लागि यस्ता अभियानलाई निरन्तरता दिनुपर्नेमा जोड दिएका छन्।

# मोटरसाइकल दुर्घटनामा एकजनाको मृत्यु

**मधेशदृष्टि**
**सप्तरी।**
सप्तरीमा मोटरसाइलक दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । बिष्णुपुर गाउँपालिका–५ कट्टीस्थित सडकमा बीआर ५०–०६२८८ नम्बरको मोटरसाइकल र ना. २२ प ३२८५ नम्बरको मोटरसाइकल एक आपसमा ठोक्किएर दुर्घटना भएको थियो।

दुर्घटना हुँदा ना. २२ प ३२८५ नम्बरको मोटरसाइकल चालक राजबिराज नगरपालिका–१२ सिंगियौन बस्ने २३ वर्षीय छोटेलाल यादवको मृत्यु भएको प्रहरीले जनाएको छ।

दुर्घटनामा गम्भीर घाइते भएका उनको छिन्नमस्ता अस्पताल राजविबराजमा उपचारको क्रममा मृत्यु भएको नेपाल प्रहरीको केन्द्रीय समाचार कक्षले जनाएको छ।

साथै दुर्घटनामा घाइते भएका बीआर ५०–०६२८८ नम्बरको मोटरसाइकल चालकको सोही अस्पतालमा उपचार भइरहेको छ।

# दोषीलाई पक्राउ गर्न माग गर्दै सडक अवरुद्ध



**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषाको जनकपुर ढल्केबर सडकअन्तर्गत लक्ष्मीनियामा स्थानीयहरूले सडक अवरुद्ध गरेका छन् । शुक्रबार बिहान ७ बजेदेखि साढे आठ बजेसम्म स्थानीयले टायरबालेर सडक अवरुद्ध गरेका हुन्।

गत जेठ २० गते बिहान घरबाट खेततर्फ गइरहेको बेला लक्ष्मीनिया गाउँपालिका ७ कि ६५ वर्षीय मरनी देवी महराको मोटरसाइकलको ठक्करबाट मृत्यु भएको थियो ।

मृतकका छोरा मुकेश महराका अनुसार अहिलेसम्म दोषी पत्ता लागेको छैन।

मधेश सरकार र लक्ष्मीनिया गाउँपालिकाले धेरै स्थानमा सिसीटिभी जडान गरेपनि बिग्रेको कारण दोषी पत्ता नलागेको स्थानीयको गुनासो छ।

दोषीलाई पहिचान गरी पक्राउ र क्षतिपूर्तिको माग गर्दै मृतक परिवारसहित स्थानीयले सडक अवरुद्ध गरेका थिए।

# भोल्टेजको समस्या समाधान गर्न माग गर्दै ज्ञापन

**मधेशदृष्टि**
**महोत्तरी।**
कम भोल्टेजको समस्या समाधान तथा सिँचाइका लागि आवश्यक ट्रान्सफर्मर जडानको माग गर्दै महोत्तरीको गौशालास्थित नेपाल विद्युत प्राधिकरण को शाखा कार्यालयमा ज्ञापनपत्र बुझाइएको छ । शुक्रबार बिहान स्थानीय सेवाग्राहीहरूको एक समूहले कार्यालय प्रमुख उपप्रबन्धक उमेशप्रसाद यादव लाई ज्ञापनपत्र बुझाउँदै किसानहरूले भोगिरहेका विद्युत् समस्याप्रति ध्यानाकर्षण गराएका हुन्।

ज्ञापनपत्रमा कम भोल्टेज तथा ट्रान्सफर्मर अभावका कारण किसानहरू सिँचाइ सुविधाबाट वञ्चित भएको उल्लेख गरिएको छ । साथै, जडान गरिएका ट्रान्सफर्मरहरू पर्याप्त सुरक्षाको अभावमा चोरी हुने गरेको, खेतमा जडान गरिएका स्याल तथा ट्यूबवेल कम भोल्टेजका कारण प्रभावकारी रूपमा सञ्चालन हुन नसकेको जनाइएको छ।

यसैबीच, महोत्तरीको सम्सी गाउँपालिका–२ स्थित सम्सी–गौशाला सडकखण्डको पर्सा देवाड क्षेत्रमा विद्युत् लाइन समयमै मर्मत नगरिएको भन्दै स्थानीयवासीले केही समय सडक अवरुद्ध गरेका थिए । विद्युत् प्राधिकरणले इन्जिनियरसहितको प्राविधिक टोली परिचालन गरी बिग्रिएको लाइन मर्मत तथा नयाँ तार जडानको काम सुरु गरेपछि स्थानीयले सडक अवरोध हटाएका छन्।

# नव नियुक्त पदाधिकारीहरुको स्वागत

**मधेशदृष्टि**
**वीरगंज।**
हरि खेतान बहुमुखी क्याम्पसमा नवनियुक्त पदाधिकारीहरूको स्वागत तथा परिचयात्मक कार्यक्रम सम्पन्न भएको छ । क्याम्पस सभाहलमा आयोजित कार्यक्रममा पदाधिकारीहरूको औपचारिक स्वागतसँगै क्याम्पसको व्यवस्थापन, शैक्षिक गतिविधि तथा संस्थागत विकासका विविध पक्षमा विस्तृत छलफल गरिएको थियो।

कार्यक्रममा क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष डा. रामऔतार खेतान, उपाध्यक्ष हरि प्रसाद गौतम, सदस्य सचिव किशोरी राय तथा सल्लाहकार जय प्रकाश खेतानलगायत पदाधिकारीहरूको उपस्थिति थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष डा. खेतानले हरि खेतान बहुमुखी क्याम्पसलाई प्रदेशकै अग्रणी शैक्षिक संस्थाका रूपमा स्थापित गर्ने लक्ष्यसहित अघि बढ्नुपर्ने आवश्यकता औंल्याए।

उनले गुणस्तरीय शिक्षा प्रदान गर्दै दक्ष जनशक्ति उत्पादन र विद्यार्थीमैत्री वातावरण निर्माणलाई प्राथमिकतामा राखिने बताएका छन्।

त्यसैगरि उपाध्यक्ष हरि प्रसाद गौतमले क्याम्पसको शैक्षिक तथा भौतिक पूर्वाधार विकासलाई मुख्य प्राथमिकतामा राखेर कार्य गरिने प्रतिबद्धता व्यक्त गरेकाछन्।

# विद्यार्थीमा जलवायु सचेतना फैलाउन वक्तृत्वकला प्रतियोगिता

**सिरहा।**
विद्यार्थीमा जलवायु परिवर्तनका असर, न्यूनीकरणका उपाय, वातावरण संरक्षण तथा जलवायुमैत्री कृषि प्रणालीबारे चेतना अभिवृद्धि गर्ने उद्देश्यले वक्तृत्वकला प्रतियोगिता आयोजना गरिएको छ। विश्व वातावरण दिवसका अवसरमा आज धनगढीमाई नगरपालिका–५ स्थित जनता माध्यमिक विद्यालय (प्राविधिक), तीनकोनीमा वक्तृत्वकला प्रतियोगिता सम्पन्न भएको हो।

राष्ट्रिय कृषक समूह महासङ्घ नेपालको आयोजनामा सञ्चालित ‘जलवायुमैत्री गाउँ परियोजना’ अन्तर्गत आज उक्त प्रतियोगिता आयोजना गरिएको हो । ‘माटो जोगाऔँ, प्रकृति सजाऔँ, जलवायु अनुकूलन खेतीतर्फ पाइला बढाऔँ’ भन्ने मूल विषयमा आयोजित प्रतियोगितामा विद्यालयका सातजना छात्राले जलवायु परिवर्तन, वातावरण संरक्षण तथा जलवायुमैत्री कृषि प्रणालीका विषयमा आफ्ना विचार प्रस्तुत गर्दै प्रतिस्पर्धा गरेका छन्।

परियोजनाले किसानलाई कृषि पाठशाला सञ्चालन, कृषि सामग्री उपलब्ध गराउने, महिला कृषक समूह गठन, गोठ सुधार, गँड्यौलाको मल उत्पादन, बोरिङ तथा फोहोरा सिँचाइ, आधुनिक चुलो जडान तथा जलवायुमैत्री बीउबिजन वितरणलगायत कार्यक्रम सञ्चालन गर्दै आएको छ।

कार्यक्रमको प्रमुख अतिथिसमेत रहेकी धनगढीमाई नगरपालिकाका उपप्रमुख सङ्गीताकुमारी चौधरीले वातावरण संरक्षण र दिगो कृषि विकासका लागि युवापुस्ताको सहभागिता अपरिहार्य रहेको बताइन् । उनले धनगढीमाई नगरपालिकाले आगामी नीति तथा कार्यक्रममा पनि जलवायु अनुकूलन कृषि प्रणालीलाई प्राथमिकता दिनुका साथै परियोजनालाई आवश्यक समन्वय गर्ने बताइन्।

उपप्रमुख चौधरीले भनिन्, ‘जलवायु परिवर्तनको प्रभाव अहिले प्रत्यक्ष रूपमा कृषि क्षेत्रमा देखिन थालेको छ । त्यसैले वातावरण संरक्षणसँगै जलवायुमैत्री कृषि अभ्यासलाई विद्यालय तहदेखि चेतना अभिवृद्धि गर्न आवश्यक छ। यस्ता कार्यक्रमले विद्यार्थीमा ज्ञान, सीप र जिम्मेवारीबोध बढाउन महत्त्वपूर्ण योगदान पुर्याउँछन्।’

कार्यक्रममा राष्ट्रिय कृषक समूह महासङ्घका मधेश प्रदेश कार्यक्रम संयोजक दिलीप साहले संस्थाले विद्यालय, स्थानीय तह तथा सरोकार भएका निकायसँग समन्वय गरी विभिन्न जलवायुमैत्री तथा अनुकूलन कार्यक्रम सञ्चालन गरिरहेको जानकारी दिए । उनका अनुसार परियोजना सिरहाका धनगढीमाई नगरपालिका, लक्ष्मीपुर पतारी, भगवानपुर तथा सखुवानन्कारकट्टी गाउँपालिकाका साथै सप्तरीका रुपनी र अग्निसाइर कृष्णासवरन गाउँपालिकामा सञ्चालन भइरहेको छ।

संयोजक साहले मधेश विश्वविद्यालय तथा रामपुर कृषि विश्वविद्यालयसँगको समन्वयमा कृषि पाठशाला सञ्चालन भइरहेको उल्लेख गर्दै जलवायुमैत्री कृषि प्रणालीसम्बन्धी अनुसन्धान तथा शोधपत्र तयार गर्न इच्छुक विद्यार्थीका लागि पनि संस्थाले अवसर र मञ्च उपलब्ध गराइरहेको जानकारी दिए । विद्यालयका प्रधानाध्यापक जितेन्द्र चौधरीले विद्यालयमा यस्ता सृजनात्मक तथा ज्ञानमूलक कार्यक्रमले विद्यार्थीको व्यक्तित्व विकासका साथै वातावरणीय चेतना अभिवृद्धिमा टेवा पुग्ने बताए।

यसअघि विश्व वातावरण दिवसका अवसरमा विद्यालय परिसरमा वृक्षरोपण कार्यक्रमसमेत सम्पन्न गरिएको थियो। कार्यक्रममा कृषक महासङ्घका प्रतिनिधि, परियोजनाका कर्मचारी, विद्यालयका शिक्षक, कर्मचारी तथा विद्यार्थीहरूको उल्लेखनीय उपस्थिति थियो। रासस

# गर्मी छल्न विद्यालयहरू धमाधम बन्द गरिँदै

**महोत्तरी।**
महोत्तरीका स्थानीय तहले एकपछि अर्को गर्दै पछिल्लो साता बढेको गर्मी छल्न धमाधम विद्यालय बन्द गर्दैछन् । पछिल्लोपटक गौशाला नगर कार्यपालिकाको कार्यालयले शुक्रबारदेखि आउने सोमबारसम्म नगर क्षेत्रका सबै विद्यालय बन्द गर्ने निर्णय गरेको छ । यसअघि बर्दिबास नगर कार्यपालिकाको कार्यालयले बिहीबारदेखि नै विद्यालय पूर्ण रूपमा बन्द गरिसकेको छ।

घामको प्रचण्ड रापसँगै बहने तातो हावाले बालबालिकाको स्वास्थ्य चासोलाई ख्याल गरिएर नगर क्षेत्रका सामुदायिक, संस्थागत र धार्मिक विद्यालय बन्द गर्ने निर्णय भएको गौशाला नगर कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत ओमबहादुर अधिकारीले सूचना जारी गर्दै जनाएका हुन्। विद्यालय बन्दको निर्णय गर्ने गौशाला र बर्दिबास दुवै जिल्लाका सुदूर उत्तरवर्ती स्थानीय तह हुन्।

जिल्लामा मध्य र दक्षिणी क्षेत्रभन्दा उत्तरी क्षेत्रमा घामको राप र गर्मीको असर बढी छ। मध्य र दक्षिणी क्षेत्रको चिम्टयाइलो र लिसाइलो माटो हुँदा कम तात्ने हुन्छ । तर उत्तरी क्षेत्रको धेरैजसो भेगमा बलौटे माटो भएको हुँदा चाँडै तात्ने र तातो वाफ फैलँदा यता राप र गर्मीको असर बढेको जलवायु र मौसमविज्ञ बर्दिबास–१ का बासिन्दा नागदेव यादव बताउँछन्।

जिल्लाका मध्य र दक्षिणी क्षेत्रमा पनि अब शनिबार र पर्सि आइतबारको मौसम अवस्था हेरेर यसबारे निर्णय लिने तयारीमा स्थानीय तह छन् । ‘शनिबार र आइतबार त नियमित साप्ताहिक बिदा नै छ, यसपछि सोमबारसम्म मौसममा सुधार नआए के गर्ने भन्ने सोचिन्छ’, एकडारा गाउँपालिकाका अध्यक्ष दीपनारायण मण्डलले भने । जिल्लामा १० नगरपालिका, पाँच गाउँपालिकासहित १५ स्थानीय तह छन्।

यसपटक गत शनिबारयता तापक्रम निकै बढेको छ । त्यसयता दिनहुँजसो एकटङ्कारको घामको राप बढ्दो छ। मध्याह्नदेखि अपराह्न ४:०० बजेसम्म ३८÷३९ डिग्री सेल्सियस तापमान रहने गरेको छ । यो पछिल्लो साताको उखरमाउलो गर्मीले हाटबजार र कार्यालयहरूमा पनि चहलपहल निकै घटेको छ। सामान्य हिंडडुल पनि सकस बनेको छ । यसले विद्यालय पढ्न जाने स–साना नानी, वृद्धवृद्धा, गर्भवती, सुत्केरी र कडा शारीरिक श्रम गर्ने मजदुर बढी समस्यामा परेका छन् । रासस

## सम्पादकीय

# परीक्षाको नाममा सम्पत्ति विनाशः राज्यको अधिकार कि मनपरी ?

परीक्षाको मर्यादा कायम राख्नु राज्यको दायित्व हो । नक्कली विद्यार्थी, चिट चोर्ने प्रवृत्ति, प्रविधिको दुरुपयोग र संगठित परीक्षा अपराध नियन्त्रण गर्न प्रशासनले कडा कदम चाल्नु आवश्यक पनि छ । तर परीक्षाको अनुशासन कायम गर्ने नाममा नागरिकको निजी सम्पत्ति नै नष्ट गर्न पाइन्छ ? जिल्ला प्रशासन कार्यालय सिरहाले एसइई र कक्षा–१२ परीक्षाका क्रममा जफत गरिएका करिब पाँच सय मोबाइल फोन र स्मार्ट घडी नष्ट गरेको घटनाले यही गम्भीर प्रश्न खडा गरेको छ । सात वटा आईफोन, ४८९ वटा विभिन्न कम्पनीका स्मार्टफोन र पाँच वटा स्मार्ट घडी गरी एक करोड रुपैयाँभन्दा बढी मूल्यका उपकरण नष्ट गरिनु सामान्य प्रशासनिक निर्णय मात्र होइन, राज्यको अधिकार र नागरिकको सम्पत्ति अधिकारबीचको संवेदनशील विषय हो । परीक्षा हलमा मोबाइल लैजानु नियमविपरीत हुन सक्छ, त्यसका लागि परीक्षार्थीलाई कारबाही गर्न सकिन्छ, परीक्षा रद्द गर्न सकिन्छ, भविष्यका परीक्षामा प्रतिबन्ध लगाउन सकिन्छ वा कानुनले तोकेअनुसार सजाय दिन सकिन्छ । तर निजी सम्पत्ति नै ध्वस्त पार्ने अधिकार राज्यलाई कहाँबाट प्राप्त भयो भन्ने प्रश्नको स्पष्ट जवाफ प्रशासनसँग देखिँदैन ।

अझ चिन्ताजनक पक्ष के छ भने प्रशासनले बरामद सामग्रीलाई २४ घण्टा पानीमा डुबाएर, प्रयोग गर्न नसकिने बनाइपछि फुटाएर नष्ट गरेको छ । यो कार्य केवल जफत सामग्री व्यवस्थापन होइन, योजनाबद्ध सम्पत्ति विनाश हो । यदि कुनै कानुनले यस्तो अधिकार दिएको छ भने त्यसको स्पष्ट व्याख्या सार्वजनिक हुनुपर्छ । यदि छैन भने यो निर्णय कानुनी र नैतिक दुवै दृष्टिले प्रश्नको घेरामा पर्छ । राज्यले अपराध नियन्त्रणका नाममा नागरिकको सम्पत्तिमाथि मनपरी गर्न थाले लोकतान्त्रिक शासनको आधार कमजोर हुन्छ । नेपालको संविधानले प्रत्येक नागरिकलाई सम्पत्तिको हक सुनिश्चित गरेको छ । अदालतको आदेशबिना वा स्पष्ट कानुनी आधारबिना कसैको सम्पत्ति नष्ट गर्नु अधिकारको दुरुपयोग ठहरिन सक्छ । विद्यार्थीले गल्ती गरेको भए त्यसको सजाय विद्यार्थीले भोग्नुपर्छ, अभिभावकले होइन । अधिकांश मोबाइल अभिभावकले आफ्नो पसिना बगाएर किनेका थिए । ती उपकरण नष्ट गरेर राज्यले वास्तवमा कसलाई सजाय दियो ? विद्यार्थीलाई कि उनीहरूको परिवारलाई ?

प्रमुख जिल्ला अधिकारीले मोबाइल पुनः दुरुपयोग हुन सक्ने भएकाले नष्ट गरिएको तर्क दिएका छन् । तर यही तर्क स्वीकार गर्ने हो भने जफत गरिएका सवारीसाधन, कम्प्युटर, क्यामेरा वा अन्य सामग्री पनि दुरुपयोग हुन सक्छन् भन्ने आधारमा नष्ट गर्नुपर्ने हुन्छ । कानुनी राज्यमा सम्भावित दुरुपयोगको अनुमानका आधारमा सम्पत्ति नष्ट गरिँदैन, त्यसका लागि निश्चित प्रक्रिया, कानुनी आदेश र पारदर्शी निर्णय आवश्यक हुन्छ । यो घटनाले अर्को महत्वपूर्ण प्रश्न पनि उठाएको छ के राज्यले दण्ड दिन खोज्दा न्यायको सीमाभन्दा बाहिर गइरहेको छ ? अनुशासन कायम गर्ने नाममा गरिएको अत्यधिक कठोरता कहिलेकाहीँ स्वयं अन्यायमा परिणत हुन्छ । शिक्षा क्षेत्रमा सुधार आवश्यक छ, परीक्षा प्रणालीलाई प्रविधिमैत्री र सुरक्षित बनाउनु आवश्यक छ, तर त्यसका लागि सम्पत्ति ध्वस्त पार्ने संस्कृतिको सुरुवात गर्नु समाधान होइन।

आज सिरहामा मोबाइल नष्ट भए, भोलि अर्को जिल्लामा कुनै अन्य सामग्री नष्ट हुन सक्छ । यदि यस्तो अभ्यासलाई वैधानिक मान्यता दिइयो भने राज्य संयमित नियामक होइन, दण्डात्मक शक्तिको प्रदर्शन गर्ने निकायमा रूपान्तरण हुन सक्छ । त्यसैले यो घटनामाथि कानुनी समीक्षा आवश्यक छ । सम्बन्धित निकायले कुन कानुनको आधारमा यस्तो निर्णय गरियो भन्ने स्पष्ट गर्नुपर्छ । आवश्यक परे अदालतले यसको संवैधानिक परीक्षण गर्नुपर्छ । परीक्षाको मर्यादा जोगाउनु आवश्यक छ, तर त्यसको नाममा संविधानले दिएको सम्पत्ति अधिकारको हत्या स्वीकार्य हुन सक्दैन । अनुशासनको रक्षा र नागरिक अधिकारको सम्मान सँगसँगै हुनुपर्छ । राज्यको शक्ति कानुनले सीमित गरेको हुन्छ, मनोभावले होइन । सिरहाको यो घटना त्यसैको कठोर स्मरण गराउने एउटा उदाहरण बनेको छ ।

## सन्दर्भः विश्व वातावरण दिवस

# जलवायु एवम् प्रकृतिमैत्री विकास र हाम्रो दायित्व



राजेश झा

जुन ५ तारिख, विश्व वातावरण दिवस । ‘समृद्ध भविष्यको आधार ः जलवायु एवम् प्रकृतिमैत्री विकास’ भन्ने नाराका साथ यस बर्ष नेपालमा विश्व वातावरण दिवस मनाइदैछ । संयुक्त राष्ट्र संघको आह्वानमा सन् १९७३ देखि यो दिवस मनाउन शुरु गरिएको हो । विश्व पर्यावरणप्रति वैश्विक स्तरमा राजनीतिक र सामाजिक जागृति ल्याउने उद्देश्यले संयुक्त राष्ट्रसंघको महासभाले गरेको घोषणा तथा संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रमको अग्रसरतामा जुन ५ तारिखका दिन हरेक बर्ष विश्वब्यापी रुपमा यो दिवस मनाउने गरिएको छ । संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रमले यस बर्षका लागि ‘प्रकृतिबाट प्रेरित, जलवायुको लागि, हाम्रो भविष्यको लागि (इन्सपायर्ड वाय नेचर, फोर क्लाइमेट फोर फ्यूचर)’ नारा तय गरेको छ ।

विश्वभर वातावरण दिवस मनाईरहँदा यस बर्ष तराई मधेशमा भने अत्यधिक गर्मीको लहर चलेको अवस्था छ । यस बर्ष मनसुन अवधिमा औषतभन्दा कम बर्षा र अत्यधिक गर्मी हुने जल तथा मौसम विज्ञान विभागले पूर्वानुमान गरेको छ । जलवायु परिवर्तन अब बढ्दो तापमान, पग्लिदै गएको ग्लेशियरको कुरा मात्र नभई यसले खडेरी, पानीको संकट जस्ता समस्याले ग्रसित हुँदै जाने देखिन्छ । अल निनोको कारण अनियमित बर्षा, सुख्खा खडेरी, पानीको अभाव जस्ता समस्याले सामाजिक रुपमै अस्थिरता ल्याउने देखिन्छ ।

कार्बन उत्सर्जन बढिरहेको कारण विश्वको तापमान तीव्र गतिमा बढिरहेको छ । जलवायु परिवर्तनबाट हुने असरको हिसाबले नेपाल अति प्रभावित मुलुकहरुमध्ये चौथो स्थानमा रहेको छ । जुन सर्वोच्च जोखिमपूर्ण अवस्था हो । बाढी, पहिरो तथा भुकम्प जस्ता प्राकृतिक प्रकोपहरुबाट नेपाल उच्च जोखिममा छ । भुकम्पको जोखिमको हिसाबले नेपाल ११औं स्थानमा रहेको छ भने मिश्रित विपदहरुको जोखिमका सन्दर्भमा १६औं स्थानमा रहेको छ । जलवायु परिवर्तनको दृष्टिकोणले चौथो स्थानमा रहनु भनेको हाम्रो मुलुक नेपाल सर्वोच्च जोखिम रहनु हो । एकातिर जलवायु परिवर्तनका असरहरुबाट पनि उच्च जोखिममा रहेको छ भने अर्कोतिर तापक्रम बढ्दै जानुको साथै वर्षा पनि औषतभन्दा कम हुने अनुमान छ । जलवायु परिवर्तनका कारण खडेरी, बाढी तथा प्रतिकुल मौसम आइपर्नु जस्ता प्राकृतिक प्रकोपहरुको सम्भावना बढ्दै गएको छ । जसको फलस्वरुप महामारी र सुख्खापन फैलिनुका साथै समुदायको जनजीवन र कृषि उत्पादनमा प्रतिकुल असर परिरहेको छ । जलवायु परिवर्तनले सबै क्षेत्रमा असर पार्ने भएतापनि विपदको अवस्थामा बालबालिका सबैभन्दा बढी जोखिममा पर्ने गर्दछन् । यस्ता प्रकोपहरुले बालबालिकालाई शारीरिक र मानसिक जोखिम पार्नुको साथै वयस्कहरुमा भन्दा उनीहरुमा उक्त असर लामो समयसम्म रहन्छ । विपद तथा जलवायुजन्य जोखिम मुल्यांकन र बालबालिकामाथिको जोखिमका साथै उनीहरुको विशेष आवश्यकताहरुको महत्वलाई जोड दिनका लागि बालबालिका केन्द्रित विपद जोखिम न्युनीकरण कार्यक्रमको प्रबद्र्धन गर्नु आवश्यक छ ।

अमेरिकाको राइस यूनिवर्सिटीका वैज्ञानिकहरुद्वारा सन् १९५० देखि सन् २०२३ को बीचमा भएको पाँच सयभन्दा बढी द्वन्द्वको तथ्यांकलाई विश्लेषण गरिएको थियो । जुन क्षेत्रहरुमा अल निनोको कारण सुख्खा र जल संकट अत्यधिक थियो त्यस क्षेत्रमा हिंसा र द्वन्द्वका जोखिम तिव्र रुपमा फैलिने सो अध्ययनले देखाएको छ । अध्ययन बमोजिम मौसम सिधै युद्धको कारण बन्दैन, तर गरिबी, बेरोजगारी, भोकमरी जस्ता तनावपूर्ण अवस्था उत्पन्न हुन्छ र अवस्था खतरनाक बन्न जान्छ । यसले सामाजिक तथा राजनीतिक अस्थिरता उत्पन्न गराउने गरेको सो अध्ययनले देखाएको छ । विश्व मौसम संगठन र ब्रिटेनको मौसम विभागको रिपोर्ट अनुसार सन् २०२६ देखि २०३० को बीच विश्वको तापक्रम औद्योगिक कालभन्दा अघिको तुलनामा १. दशमलव ९ डिग्री सेल्सियससम्म बढ्न सक्ने छ । आगामी पाँच बर्ष गर्मीको सबै पुरानो रेकर्ड टुट्न सक्ने बैज्ञानिकहरुले चेतावनी दिएको छ ।

बढ्दो तापक्रमका कारण हिमाली भेगमा रहेको हिउँ पग्लिने क्रम बढ्दो छ जसले गर्दा हिमाल सबैभन्दा बढी खतरामा रहेको छ । हिमनदीहरुको क्षेत्रफल पछिल्लो ३० बर्षमा २४ प्रतिशतले घटेको अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र(ईसिमोड) को अध्ययनले देखाएको छ । विश्वव्यापी जलवायु सम्बन्धी पेरिस सम्झौताबमोजिम सबै देशले तापक्रम वृद्धिलाई नियन्त्रण गरेर डेढ डिग्रीमा सीमित गर्दा पनि त्यसको असर हिमाली क्षेत्रमा डरलाग्दो पर्ने जलवायु परिवर्तनका जानकारहरु बताउँछन् । अहिले नै विश्व तापक्रम १ दशमलव १ डिग्रीले बढिसक्यो । त्यसलाई १ दशमलव ५ डिग्रीमा सीमित पार्दा पनि हाम्रो हिमाली क्षेत्रको एकतिहाइ हिउँ पग्लिने इसिमोडको अध्ययनले देखाएको छ । पेरिस सम्झौताअनुसार पृथ्वीको तापक्रम १ दशमलव ५ डिग्री सेल्सियसमा सीमित राख्ने भनिएको छ । तर विगत २० वर्ष मै पृथ्वीको तापक्रम १ दशमलव १ डिग्री सेल्सियसले बढेको तथ्यले झस्काएको अवस्था छ ।





नेपाल सरकारले जलवायु परिवर्तनमा जलवायु उत्थानशील समाजको निर्माण गर्ने सोच, जलवायु परिवर्तन अनुकूलन क्षमता अभिवृद्धि तथा प्रतिकूल प्रभावको न्यूनीकरणबाट दिगो समाज निर्माणमा योगदान गर्ने लक्ष्य तथा जलवायु परिवर्तनको प्रतिकूल प्रभावबाट पेरिस सम्झौताअनुरूप न्यूनीकरण गर्दै अनुकूलन क्षमताको अभिवृद्धि गर्नु, जलवायु परिवर्तन न्यूनीकरणका लागि वातावरण मैत्री स्वच्छ ऊर्जा र हरित विकास अवधारणा कार्यान्वयन गर्ने जलवायु परिवर्तन न्यूनीकरणका लागि वातावरणमैत्री स्वच्छ ऊर्जा र हरित विकास अवधारणा कार्यान्वयन गर्ने उद्देश्य राखेको छ ।

उक्त उद्देश्य पूरा गर्न जलवायु परिवर्तन व्यवस्थापनका लागि संघ, प्रदेश र स्थानीय तहमा आवश्यक नीतिगत र संस्थागत संरचनामा सुधार एवम् क्षमता अभिवृद्धि गर्ने, समुदायको संकटासन्नता घटाई समयानुकूलित तुल्याउन राष्ट्रिय, प्रादेशिक एवम् स्थानीय अनुकूलन योजना कार्यान्वयन गर्नु आवश्यक छ । जलवायु परिवर्तन न्यूनीकरणका लागि हरित विकासको अवधारणा अवलम्बन गर्ने, स्वच्छ ऊर्जा प्रवद्र्धन गर्ने, जलवायु वित्तमा सहज पहँुचका लागि अन्तर्राष्ट्रिय स्तरमा पैरवी गर्दै सम्भावित लाभहरूलाई प्रदेश, स्थानीय तह र समुदायसम्म पु¥याउन जलवायु परिवर्तनका क्षेत्रमा अध्ययन अनुसन्धान तथा क्षमता विकासका कार्यहरू गर्ने रणनीति अवलम्बन गरिएको छ ।

खडेरी तथा बाढी सहन सक्ने बाली प्रयोग गर्ने, वर्षाको पानी संकलन र सिँचाइ व्यवस्थापन गर्ने, जैविक खेती तथा कृषि वन प्रणाली अपनाउने, वर्षा पानी संकलन प्रणाली विकास गर्ने, भू–जल पुनर्भरण कार्यक्रम सञ्चालन गर्ने, पानीको दिगो र न्यायपूर्ण उपयोग सुनिश्चित गर्ने, जलवायु सहनशील सडक, भवन र पुल निर्माण गर्ने, हरित भवन अवधारणा लागू गर्ने, शहरी तथा ग्रामीण क्षेत्रमा हरियाली र खुला क्षेत्र बढाउने, तातो हावाको लहरबाट बच्न ‘कूलिङ सेन्टर’ स्थापना गर्ने जस्ता कार्यहरु गर्नु अति आवश्यक छ । स्थानीय तहहरुले स्थानीय अनुकूलन योजना बनाई प्रभावकारी कार्यान्वयन गर्नु जरुरी छ ।

आगामी आर्थिक बर्ष २०८३÷०८४ कोलागि योजना तर्जुमा गर्ने प्रक्रिया अहिले सबै पालिकामा सञ्चालन भएको अवस्था छ । योजना तर्जुमाको वस्ती स्तरबाटै जलवायु परिवर्तनका कारण समुदायले झेलिरहेको समस्याहरुलाई सम्बोधन गरी तत् अनुसारको समाधानका उपायहरु पहिल्याउनु जरुरी छ । ती समाधानका उपायहरुलाई स्थानीय तहको योजनामा समावेश गरी कार्यक्रमको प्रभावकारी र दिगो कार्यान्वयन गर्नु आवश्यक छ । विपद् व्यवस्थापन तीनै तहको सरकारको साझा कार्य भएपनि स्थानीय तह सबैभन्दा बढी जिम्मेवार हुन् । स्थानीय तहमार्फत जलवायुजन्य प्रकोपको सामना गर्न योजनाहरु तर्जुमा हुनु पनि त्यतिकै जरुरी छ । सन् २०३० सम्म दिगो विकास लक्ष्य हासिल गर्नुपर्ने भनी नेपाल सरकारले पनि प्रतिबद्धता जनाएको अवस्था छ । उक्त प्रतिबद्धता पूरा गर्न स्थानीय तहहरुको महत्वपूर्ण भूमिका रहेको छ ।

# तापक्रम वृद्धिले बाँकेमा आर्थिक र स्वास्थ्य चुनौती बढायो

रुपनी जिएम



बाँके।

अत्यधिक गर्मी र बढ्दो तापक्रमले बाँकेमा आर्थिक तथा स्वास्थ्य चुनौती बढाएको छ । तापक्रम निरन्तर उकालो लागेसँगै दैनिक ज्यालादारी गर्ने मजदुर, किसान, विद्यार्थी तथा सर्वसाधारणको जनजीवन प्रभावित भएको छ भने आम्दानी घट्नुका साथै गर्मीजन्य स्वास्थ्य समस्या बढ्न थालेका छन् । बैजनाथ गाउँपालिका–५ निवासी ४७ वर्षीया कमला नेपालीले भनिन्, ‘दैनिक हजारदेखि एक हजार २०० रुपैयाँसम्म कमाउँथेँ, तर अहिले रु ५०० कमाउन पनि गाह्रो छ ।’ वैदेशिक रोजगारबाट फर्किएपछि विगत साढे चार वर्षदेखि रिक्सा चलाउँदै आएकी कमलाले आफू र सन्तानको खर्च रिक्साको आम्दानीबाट धान्दै आएकी थिइन् । उनका अनुसार गर्मी मौसममा बिहान र साँझबाहेक यात्रु कम पाइने भएकाले आम्दानीमा उल्लेख्य कमी आएको छ । ‘गर्मीमा साँझ र बिहान मात्र यात्रु भेटिन्छन् । दिउँसो कोही पनि निस्कँदैनन्, त्यसैले कमाइ घटेको छ’, कमलाले भनिन् । घरायसी जिम्मेवारीका कारण बिहान र साँझ रिक्सा चलाउन नपाउने भएकाले दिउँसो मात्रै काम गर्नुपर्ने र त्यही समयमा यात्रु नपाइने समस्या रहेको उनको भनाइ छ । ‘सानासाना केटाकेटी छन् । बिहान खाना पकाउने, विद्यालय पु¥याउने र घरधन्दा गर्दा रिक्सा चलाउन भ्याइँदैन । साँझ पनि उनीहरूलाई विद्यालयबाट ल्याएपछि समय मिल्दैन । दिउँसो मात्रै रिक्सा चलाउँछु, तर गर्मीले यात्रु पाइँदैन’, उनले भनिन् । खजुरा गाउँपालिका–३ निवासी पार्वती थारुको आम्दानीमा पनि गर्मीले असर पु¥याएको छ । विगत छ वर्षदेखि टनेलखेती गर्दै आएकी उनले यस वर्षको अत्यधिक गर्मीले तरकारी उत्पादनमा ठूलो क्षति पुगेको बताइन् । ‘तरकारीखेती यसपटक राम्रोसँग फस्टाउन सकेन । उत्पादन कम हुँदा बिक्री पनि घट्यो’, उनले भनिन् । यस वर्ष उनले करेला र लौकाखेतीका लागि रु एक लाख ७० हजार लगानी गरेकी थिइन् । तर अपेक्षाअनुसार उत्पादन नभएकाले अघिल्लो वर्षको तुलनामा झण्डै ६० प्रतिशत आम्दानी घटेको उहाँको भनाइ छ । प्रत्येक याममा करिब रु पाँच लाख बराबरको तरकारी बिक्री गर्ने गरेको उल्लेख गर्दै उहाँले यस वर्षको गर्मीले खेतीमा अभूतपूर्व असर पारेको बताइन् । ‘यो वर्षजस्तो गर्मी पहिले कहिल्यै अनुभव गरेको थिइनँ । मानिस मात्र होइन, तरकारी र बोटबिरुवासमेत गर्मीले प्रभावित भए’, पार्वतीले भनिन् । उनका अनुसार पर्याप्त मलजल र स्याहारसुसार गर्दागर्दै पनि केही बिरुवा सुके भने केही कोपिलामै नष्ट भए।

बाँकेमा अत्यधिक गर्मीका कारण विद्यार्थी पनि प्रभावित भएका छन् । विद्यार्थीको स्वास्थ्यलाई ध्यानमा राख्दै सरकारी विद्यालयले हरेक वर्षझैँ बिहान ६:०० बजेदेखि ११:०० बजेसम्म कक्षा सञ्चालन गरिरहेका छन् । जानकी गाउँपालिका–२ स्थित भृकुटी प्राथमिक विद्यामन्दिरकी शिक्षिका राजकुमारी सिंह ठकुरीले गर्मीका कारण विद्यार्थीलाई विद्यालयमा बस्न कठिन भइरहेको बताइन् । ‘पंखा चलेपनि कक्षाकोठामा तातो हावाकै महसुस हुन्छ । विद्यार्थीमा थकान, टाउको दुख्ने, चक्कर आउने र पढाइमा ध्यान केन्द्रित गर्न कठिनाइ हुने समस्या देखिन थालेको छ’, उनले भनिन् । टाढाबाट पैदल हिँडेर विद्यालय आउने विद्यार्थी अझ बढी प्रभावित हुने गरेको उनको भनाइ छ । ‘विद्यार्थीलाई पर्याप्त पानी पिउन, टाउको छोपेरसकेसम्म घामबाट जोगिन सल्लाह दिएका छौँ । अभिभावकले पनि बालबालिकाको स्वास्थ्यमा विशेष ध्यान दिन आवश्यक छ’, उनले भनिन् । अत्यधिक गर्मीका कारण भेरी अस्पतालमा उपचारका लागि आउने बिरामीको संख्या पनि बढेको छ ।

भेरी अस्पतालका प्रमुख कन्सल्टेन्ट फिजिसियन डा राजन पाण्डेका अनुसार गर्मीजन्य समस्या लिएर अस्पताल आउने बिरामीको चाप अघिल्ला वर्षको तुलनामा वृद्धि भएको छ । ‘बालबालिका, बाहिर काम गर्ने युवा तथा ज्येष्ठ नागरिक बढी प्रभावित भइरहेका छन् । शरीरमा पानीको कमी, टाउको दुख्ने, चक्कर लाग्ने, अत्यधिक थकान, वान्ता हुने तथा बेहोस हुनेजस्ता समस्या बढिरहेका छन्’, उनले भने । गर्मीबाट बच्न दिउँसोको चर्को घाममा अनावश्यक रूपमा बाहिर ननिस्कन र बाहिर जानै परे छाता, छाउको छोप्न तथा हलुका सुती कपडा प्रयोग गर्न डा राजनले सुझाव दिए । ‘तिर्खा लागेपछि मात्र होइन, नियमित रूपमा पर्याप्त पानी पिउनुपर्छ । नरिवल पानी, फलफूलको रस, जाउलो तथा अन्य झोलयुक्त खानेकुराले शरीरमा पानीको मात्रा सन्तुलित राख्न मद्दत गर्छ’, उनले भने । लामो समयसम्म चर्को घाममा बस्दा हिट स्ट्रोकको जोखिम रहने भएकाले विशेष सावधानी अपनाउन उनले आग्रह गरे।

डा राजनले भने, ‘सकेसम्म छायाँयुक्त स्थानमा बस्ने, अनावश्यक रूपमा घाममा नहिँड्ने र शरीरमा पानीको कमी हुन नदिने बानीले धेरै स्वास्थ्य समस्याबाट बच्न सकिन्छ । सामान्य लक्षणलाई पनि बेवास्ता गर्नुहुँदैन, आवश्यक परे चिकित्सकीय परामर्श लिनुपर्छ ।’ रासस

# सम्पत्ति छानबिन आयोगः ४० देखि ५० हजारले विवरण भर्ने अपेक्षा




**काठमाडौँ ।**
सम्पत्ति छानबिन आयोगले तोकिएका सबै पदाधिकारी तथा व्यक्तिले यही जेठ मसान्तभित्र आआफ्नो सम्पत्तिको विवरण बुझाइसक्ने विश्वास व्यक्त गरेको छ । सार्वजनिक पदमा रहेका, पदबाट सेवा निवृत्त भएका वा हटिसकेको व्यक्तिले आफैँ वा आफ्नो प्रतिनिधि वा हुलाक वा आयोगको इमेलमार्फत विवरण तथा उजुरी बुझाउन सक्ने व्यवस्था गरिएको छ ।
आयोगले २०४८ देखि २०८३ सालसम्मको कुनै समयावधिमा सार्वजनिक पदधारण गरेका व्यक्तिले पदीय दुरुपयोग गरी अस्वाभाविक कमाइ गरेको देखिए उजुरी गरी छानबिन प्रक्रियामा सहयोग गर्न सम्बद्ध सबैसँग अनुरोध गरेको छ । आयोगले मुलुकमा प्रजातन्त्र पुनःस्थापना भएको करिब ३५ वर्षको अवधिलाई २०६२÷६३ देखि २०८२÷८३ र २०४८÷४९ देखि २०६२÷६३ सालसम्म दुई चरणमा विभाजन गरी फाइल तथा उजुरी छानबिन गर्ने स्पष्ट गरेको छ ।
वर्तमान सरकारले २०४८ सालपछि सार्वजनिक पदमा रहेका, पदबाट सेवा निवृत्त भएका वा हटिसकेका व्यक्तिको सम्पत्तिको छानबिन गरी प्रतिबेदन बुझाउने कार्यादेशसहित गठन गरेको पाँच सदस्यीय आयोग हाल सम्पत्ति विवरण र उजुरी सङ्कलनमा व्यस्त छ । आयोगका अध्यक्ष राजेन्द्रकुमार भण्डारीले सम्पत्ति विवरण बुझाउने र उजुरी दिनेको संख्या क्रमशः वृद्धि भइरहेका बताउँदै ४० देखि ५० हजार व्यक्तिको सम्पत्तिको विवरण प्राप्त हुने अपेक्षा गरे ।
पछिल्लो ३५ वर्षको अवधिमा सार्वजनिक पदधारण गरेका राजपत्राङ्कित विशिष्ट एवं प्रथम श्रेणीका बहालवाला र पूर्वकर्मचारीसहित सो सरहको सेवासुविधा लिएका सार्वजनिक निकायका सबैले विवरण बुझाउनुपर्ने उनले जानकारी दिए । आयोगका अनुसार बहालवाला तथा पूर्वप्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री र सहायकमन्त्री, उनीहरूले नियक्त गरेका सल्लाहकार, स्वकीय सचिवहरूले सम्पत्ति विवरण बुझाउनुपर्ने व्यवस्था छ । त्यसैगरी, संवैधानिक र न्याय सेवा परिषद्बाट नियुक्त विशिष्ठ पदाधिकारीहरूले विशिष्ट श्रेणी तथा सोभन्दा माथिको सेवा सुविधा पाउने गरी नियुक्त भएका विभिन्न संस्थान, समिति, निगम, प्राधिकरण, केन्द्रलगायत सार्वजनिक निकायका वर्तमान तथा पूर्वप्रमुख तथा सञ्चालक सदस्यहरूले पनि सम्पत्ति विवरण बुझाउनुपर्ने छ । विश्वविद्यालयसहितका शैक्षिक प्रतिष्ठान र कूटनीतिक नियोगका प्रथम श्रेणीमाथिका कार्यरत तथा पूर्वअधिकारीहरू, जनसम्पर्क बढी हुने कार्यालयका हकमा राजपत्राङ्कित द्वितीय श्रेणीका बहालवाला तथा सेवानिवृत्त कर्मचारीले पनि सम्पत्ति विवरण बुझाउनुपर्ने छ । त्यसैगरी, पालिकाका पूर्व तथा वर्तमान प्रमुख तथा उपप्रमुखसहित सोभन्दा माथिका पदहरूमा निर्वाचित जनप्रतिनिधिहरूले समेत सम्पत्ति विवरण बुझाउनुपर्ने व्यवस्था छ ।
सार्वजनिक पद धारण गरेका र तोकिएको समयमा बहाल रही हाल जुनसुकै किसिमले सेवाबाट अवकाश भइसकेका राजनीतिक पदाधिकारी, कर्मचारी तथा निजहरूका परिवारसमेतको नाममा स्वदेश तथा विदेशमा रहेको सम्पत्ति विवरण सङ्कलन तथा छानबिन गरी प्रतिबेदन बुझाउने आयोगको कार्यादेश रहेको छ । अध्यक्ष भण्डारीको नेतृत्वमा छानबिन आयोगमा चण्डीराज ढकाल, पुरुषोत्तम पराजुली, गणेश केसी (प्रवक्ता) र प्रकाश लम्साल सदस्य छन् । रासस

# स्थलमार्गबाट नेपाल आउने पर्यटकको व्यवस्थापनमा प्रदेश सरकारसँग समन्वय गरिने




**काठमाडौँ ।**
स्थलमार्ग हुँदै नेपाल भित्रिने पर्यटकका कारण स्थानीय समुदायसँग देखिएका समस्या तथा गुनासो न्यूनीकरण गर्न सङ्घ र प्रदेश सरकारबीच समन्वयात्मक पहल अघि बढाइने भएको छ ।
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका पर्यटन महाशाखा प्रमुख इन्दु घिमिरेको संयोजनमा मङ्गलबार आयोजित प्रदेश सरकारका पर्यटन क्षेत्र हेर्ने सचिवहरूको बैठकले स्थलमार्गबाट नेपाल आउने पर्यटकको गतिविधि व्यवस्थापन सम्बन्धमा विभिन्न निर्णय गरेको हो ।
बैठकमा कोशी, मधेस, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पर्यटन क्षेत्र हेर्ने सचिवहरू सहभागी थिए । बैठकले विशेषगरी 'स्लिपर बस' प्रयोग गरी तीर्थयात्राका लागि नेपाल आउने पर्यटकहरूले स्थानीय समुदायसँग विभिन्न कारणले द्वन्द्व सिर्जना गरिरहेको निष्कर्ष निकालेको छ । पर्यटकहरूले आफैं खाना पकाउने, खाने, लुगा धुने तथा शौच गर्ने जस्ता गतिविधि सञ्चालन गर्दा कतिपय स्थानमा स्थानीयसँग असमझदारी र गुनासो बढेको विषयमा बैठकमा छलफल भएको छ ।
यसलाई व्यवस्थापन गर्न स्थानीय तहसँग समन्वय गरी तीर्थयात्रीका लागि विश्राम, खाना पकाउने तथा सरसफाइका सुविधा उपलब्ध हुने निश्चित स्थान तोक्ने र आवश्यक सेवा शुल्कसहितको व्यवस्थापन मोडेल विकास गर्न प्रदेश सरकारहरूलाई आग्रह गर्ने निर्णय गरिएको छ ।
जीप, मोटरसाइकल तथा निजी सवारीसाधन प्रयोग गरी नेपाल भ्रमण गर्ने पर्यटकलाई ट्राफिक नियम, सवारीको गति, पार्किङ तथा फोहर व्यवस्थापनसम्बन्धी जानकारी प्रभावकारी रूपमा उपलब्ध गराउने निर्णय भएको छ । पर्यटक सूचना केन्द्र, वेबसाइट तथा ब्रोसरमार्फत सचेतना बढाउने तथा तीव्र गति, जथाभावी पार्किङ र फोहर व्यवस्थापनका कमजोरीका कारण स्थानीय समुदायमा पर्ने असर न्यूनीकरण गर्ने उपाय अपनाइने जनाइएको छ ।
बैठकले सीमा क्षेत्रहरूमा मदिरा सेवन गरी राति अबेरसम्म होहल्ला गर्ने गतिविधिलाई नियमन गर्ने निर्णय गरेको छ ।
यस्ता गतिविधिका कारण स्थानीय बासिन्दा तथा पर्यटकीय वातावरणमा नकारात्मक असर परेको गुनासो आएपछि आवश्यक नियमनको पहल गर्ने सहमति भएको हो । रासस

# सुधन गुरुङमाथिको छानबिन समितिले बुझायो प्रतिवेदन



**काठमाडौं ।**
पूर्वगृहमन्त्री तथा रास्वपाका सांसद सुधन गुरुङमाथि छानबिन गर्न बनेको समितिले प्रतिवेदन बुझाएको छ । छानबिन समितिका संयोजक पूर्व न्यायाधीश अच्युतम प्रसाद भण्डारीले छानबिनको प्रक्रिया सकेर प्रतिवेदन प्रधानमन्त्री बालेन शाहलाई बुझाएको हो ।
बयान लिनुअघि समितिले उनीमाथि लागेका आरोपबारे सम्बन्धित क्षेत्रसँग बुझ्नेदेखि सम्पत्ति विवरण केलाएर अध्ययन गरेको बताएको छ । मन्त्रिपरिषद्को २८ वैशाखको बैठकले उच्च अदालतका पूर्वन्यायाधीश अच्युतप्रसाद भण्डारी अध्यक्ष, महालेखा नियन्त्रक शोभाकान्त पौडेल र सहन्यायाधिवक्ता अच्युतमणि नेउपाने सदस्य रहने गरी गुरुङमाथि छानबिन गर्न समिति गठन गरेको थियो ।
सम्पत्ति शुद्धीकरणको कसुरमा हिरासतमा रहेका व्यवसायी दीपक भट्टसँग साझेदार देखिएपछि गुरुङ विवादमा तानिएका थिए । सम्पत्ति विवरण सार्वजनिक गर्दा सेयर लुकाएको, विवादास्पद व्यापारीको कम्पनीमा सेयर देखिएको जस्ता विषय सार्वजनिक भएपछि ९ वैशाखमा गुरुङले प्रधानमन्त्रीसमक्ष राजीनामा बुझाएका थिए । रासस

# आयोगको प्रतिवेदनविरुद्ध सर्वोच्च अदालतमा जाने तयारीमा एमाले



**काठमाडौं ।**
जेनजी घटनाबारे राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदनविरुद्ध नेकपा एमाले सर्वोच्च अदालतमा जाने भएको छ । महासचिव शंकर पोखरेलले शुक्रबार विज्ञप्ति जारी गर्दै आवश्यकता अनुसार सबै उपलब्ध कानुनी उपचारका विकल्प प्रयोग गर्ने जनाएका हुन् ।
विज्ञप्तिमा भनिएको छ, 'संवैधानिक प्रश्न उठेमा न्यायिक पुनरावलोकनका लागि अदालत जाने तयारी गर्ने र आवश्यक परे उपलब्ध कानुनी उपचारका सबै विकल्पहरू प्रयोग गर्ने ।'
प्रतिवेदन पूर्वाग्रही, बदनियतपूर्ण र षड्यन्त्रमूलक रहेको एमालेको निष्कर्ष छ । प्रतिवेदन हेर्दा नियोजित ढङ्गबाट तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, तत्कालीन गृहमन्त्री रमेश लेखक तथा सञ्चार मन्त्री पृथ्वीसुब्बा गुरुङलाई राजनीतिक रूपमा निषेध गर्नेगरी दोषारोपण गर्ने उद्देश्यबाट प्रेरित भएको ठहर गरेको छ । त्यस्तै, आवश्यक परे मर्का परेको पक्षको तर्फबाट आयोगसमक्ष आपत्ति वा पुनरावलोकनको माग गर्ने तथा संवैधानिक प्रश्न उठेमा न्यायिक पुनरावलोकनका लागि अदालत जाने तयारी गर्ने र आवश्यक परे उपलब्ध कानुनी उपचारका सबै विकल्प प्रयोग गर्ने एमालेले जनाएको छ । रासस

# विद्रोहपछि तोकिएको छ महिनाभित्र निर्वाचन सम्पन्न हुनु चानचुने कुरा होइनः भण्डारी



काठमाडौँ ।
निर्वाचन आयोग, नेपालका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले जेनजी विद्रोहपछि छ महिनाभित्रको निर्धारित समयमा प्रतिनिसभा सदस्यको निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न हुनु चानचुने कुरा नभएको बताएका छन् ।
गत फागुन २१ गते सम्पन्न निर्वाचनमाथि केन्द्रीयस्तरको समीक्षा कार्यशालाको उद्घाटन सत्रमा शुक्रबार कार्यवाहक प्रमुख भण्डारीले निर्वाचनको मिति घोषणापछि निर्वाचन होला र १ भन्ने संशय र अनेक चुनौतीका बीच नेपाल सरकार, आयोग, राजनीतिक दल, सम्बद्ध पक्ष र आम जनताको सहभागिता निर्वाचन सम्पन्न भएको स्पष्ट गरे ।
विद्रोहपछि तोकिएको छ महिनाभित्र शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न हु ुनु चानचुने कुरा होइन । यस निर्वाचनलाई विश्व समुदायले पनि सूक्ष्मरुपमा हेरिरहेको छ, आयुक्त भण्डारीले भने,यो सफलता निर्वाचन आयोगको एक्लैको प्रयासले मिलोको होइन । निर्वाचनको कसैले कसैलाई निषेध गर्नुहुँदैन भन्ने मान्यतालाई बोकेर हामीले सुरुदेखि नै राजनीतिक संवादलाई महत्व दिऔँ । सरकारको समेत सहयोगमा विद्रोही पक्ष, पुरानो राजनीतिक समूह, नवोदित राजनीतिक समूहलाई एकै टेबुलमा राखेर संवाद गराउन र हार्दिकता बढाउन सफल भयौँ ।
कार्यवाहक आयुक्त भण्डारीले आन्दोलनबाट भड्किएको अनुशासनलाई कायम राख्न निर्वाचनबाहेक अर्को विकल्प नभएकाले चुनौतीका बीच निर्वाचन गराउन आफूहरू अहोरात्र लागेको स्मरण गर्दै निर्वाचन मितव्ययी र तुलनात्मक व्यवस्थित भएको बताए ।
उनले समीक्षा कार्यशालाबाट प्राप्त हुने सुझावका आधारमा आगामी निर्वाचनमा मतदाता शिक्षालाई प्रभावकारी बनाउने, मतदातास्थल र केन्द्रलाई थप पहुँचयोग्य बनाउने, सदर मतको प्रतिशत बढाउने, कानुनी सुधार गर्ने र आयोगलाई थप भौतिक पूर्वाधारयुक्त बनाउने कार्ययोजनामा काम गरिने बताए । तत्कालीन प्रधानमन्त्री एवं पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीले उद्घाटन गरेको कार्यक्रममा निर्वाचन परिणम पुस्तकको विद्युतीय प्रति लोकार्पण गरिएको थियो ।
कार्यक्रममा तत्कालीन गृहमन्त्री ओमप्रकाश अर्याल, तत्कालीन कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिलकुमार सिन्हा, आयोगका आयुक्तद्वय डा जानकीकुमारी तुलाधर र सगुनशमशेर जबरा, सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने राजीतिक दलका प्रतिनिधि, नेपाल सरकारका उच्चाधिकारी, सुरक्षा निकायका प्रतिनिधि, निर्वाचन पर्यवेक्षक, निर्वाचनमा खटिएका निर्वाचन अधिकृत, जिल्ला निर्वाचन अधिकारी, मतदान अधिकृत, स्वयंसेवक तथा सञ्चारकर्मीको सहमागिता रहेको छ । रासस

# सम्पर्कविहीन कर्मचारीलाई हाजिर हुन तीनदिने 'अल्टिमेटम'




**काठमाडौं ।**
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विनाअधिसूचना लामो समयदेखि सम्पर्कविहीन रहेका निजामती कर्मचारीलाई आगामी तीन दिनभित्र हाजिर हुन निर्देशन दिएको छ । मन्त्रालयले शुक्रबार एक सार्वजनिक सूचना जारी गर्दै तोकिएको अवधिभित्र हाजिर हुन अन्तिम अल्टिमेटम दिएको हो । मन्त्रालयका अनुसार अध्ययन बिदा तथा असाधारण बिदा लिएका तर त्यसको अभिलेख राष्ट्रिय किताबखाना (निजामती) मा अद्यावधिक नगराई बेपत्ता भएका कर्मचारीहरूलाई लक्षित गरी यो सूचना जारी गरिएको हो । आगामी तीन दिनभित्रमा अनिवार्य रूपमा आफ्नो अभिलेख अद्यावधिक नगराए कानुनबमोजिम कडा कारबाही प्रक्रिया अघि बढाउने चेतावनी मन्त्रालयले दिएको छ । सरकारले सबै मन्त्रालय, आयोग, सचिवालय तथा केन्द्रीयस्तरका कार्यालयहरूलाई समेत आफ्नो मातहतका निकायबाट विभिन्न समयमा अध्ययन वा असाधारण बिदा स्वीकृत गराएका कर्मचारीहरूको विवरण तत्काल यकिन गर्न निर्देशन दिएको छ । लामो समयसम्म बिदाका नाममा कार्यालयमा अनुपस्थित हुने र सरकारी सेवा सञ्चालनमा बाधा पु¥याउने प्रवृत्ति बढेपछि मन्त्रालयले यस्तो कदम चालेको हो । रासस

# प्रधानमन्त्रीलाई कार्कीको सुझावः विगतका अनुभव र इतिहासबाट सिकेर अघि बढ्नु



**काठमाडौं ।€**
पूर्वप्रधानमन्त्री सुशीला कार्कीले सरकारको आलोचना गर्नु प्रतिपक्षको दायित्व भए पनि त्यसको उद्देश्य सरकारलाई असफल बनाउने नभई सुधारको बाटो देखाउने हुनुपर्ने बताएकी छन् । शुक्रबार काठमाडौंमा आयोजित एक कार्यक्रममा बोल्दै उनले सरकारले आफू सत्तामा आएको भरमा विपक्षी पक्षलाई समाप्त पार्ने मानसिकता राख्न नहुने पनि बताइन् ।
'जनताले मत दिएर आएको सरकारको खुट्टा तानेर फाल्ने र ध्वस्त बनाउने होइन । जनताले चाहेको परिवर्तनलाई सम्मान गर्दै काम गर्न दिनुपर्छ,' उनले भनिन् ।
प्रधानमन्त्री बालेन्द्र साह नेतृत्वको सरकारलाई लक्षित गर्दै उनले विगतका अनुभव र इतिहासबाट सिकेर अघि बढ्न सुझाव दिइन् । मुलुक सञ्चालनमा अनुभव, सहिष्णुता र राजनीतिक परिपक्वता आवश्यक पर्ने उनको भनाइ थियो ।
'अहिले ३५–३७ वर्षका प्रधानमन्त्री र युवा नेताहरू आएका छन् । उनीहरूले अघिल्ला अनुभवलाई मनन गर्नुपर्छ, इतिहासबाट सिक्नुपर्छ,' उनले भनिन्, 'उनीहरू पनि एक दिन त्यही चरणमा पुग्छन् । पार्टीका नेता सधैं युवा भएर बस्दैनन् ।' रासस

# प्रधानमन्त्रीको राजीनामा माग गर्दै विरोध प्रदर्शन

**काठमाडौँ ।**
नेपाली कांग्रेस निकट नेपाल विद्यार्थी सङ्घ (नेविसंघ) ले प्रधानमन्त्री बालेन्द्र शाहको राजीनामा माग गर्दै विरोध प्रदर्शन गरेको छ । शुक्रबार राजधानीको त्रिचन्द्र क्याम्पस परिसरमा उनीहरुले प्रधानमन्त्री शाहविरुद्ध नाराबाजी गर्दै विरोध प्रदर्शन गरेका हुन् । संसद् बैठकमा प्रधानमन्त्री शाहले सीमा विवादको विषयलाई लिएर दिएको अभिव्यक्तिको कडा विरोध गर्दै उनीहरु प्रदर्शनमा उत्रिएको हो । प्रदर्शनमा सहभागी विद्यार्थीहरूले प्रधानमन्त्री शाहको अभिव्यक्तिको कडा विरोध गर्दै तत्काल पदबाट राजीनामा दिनुपर्ने माग समेत राखेका छन् ।

कम्पनी रजिष्ट्रार द.नं. १०८१/०६५/०६६

ने.रा.बैंक/इ.प्रा/घ/२६/०६९/०७०

# विजय लघुवित्त वित्तीय संस्था लि.

# Vijaya Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था (राष्ट्रिय स्तर)

Banking With Happiness

## कर्जा भुक्तान गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**सूचना प्रकाशित मिति : २०८३/०२/२३ गते, मधेश दृष्टि, राष्ट्रिय दैनिक**

यस **विजय लघुवित्त वित्तीय संस्था लि.**को विभिन्न शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अर्न्तगत लिनु भएको कर्जाको साँवा र ब्याज रकम शर्त बमोजिम यस वित्तीय संस्थामा समयमै दाखिला गर्नुपर्नेमा हालसम्म नतिरी/नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकिता गर्दा समेत बक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले कर्जा भुक्तान गर्ने बारे यो **३५ (पैंतीस)** दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिन भित्र यस वित्तीय संस्थामा सम्पर्क राखी संस्थालाई तिर्न/बुझाउनु पर्ने बाँकी ऋणको साँवा र ब्याज भुक्तान गर्नुहुन सम्बन्धित ऋणीलाई यसै सूचना मार्फत सूचीत गरिन्छ । अन्यथा उपरोक्त तोकिएको म्याद भित्र वित्तीय संस्थालाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा यस वित्तीय संस्थाको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजाय ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८ र सो को नियमावली २०५९ एवं प्रचलित कानून बमोजिम र यस वित्तीय संस्था बीच भएका लिखतको शर्त अनुसार यस वित्तीय संस्थाको लिन बाँकी रकम असुल उपर गर्ने तर्फ आवश्यक कारबाही गर्न सकिने साथै ऋणीलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा सुचीकृत गरिने छ । धितो सुरक्षण मार्फत कर्जा लिएको भए धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असुल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजिम कानुनी कारबाहीको प्रक्रिया थालनी गरिने ब्यहोरा समेत सम्बन्धित ऋणी महानुभावहरूलाई यसै सूचनाद्वारा जानकारी गराउंदछौं ।

| क्र.स | ऋण लिएको शाखा | ऋणीहरुको नाम | ठेगाना | | नागरिकताको बिवरण | | | तिन पुस्ते विवण | | | जमानीकर्ताको नाम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | स्थायी | हालको | ना. प्र. नं | जारी मिति | जिल्ला | पति/पत्नीको नाम | बाबुको नाम | बाजेको नाम/ससुराको नाम | |
| १ | हेटौडा | रमेश घिमिरे | छतिवन-१, मकवानपुर | हेटौडा-५, मकवानपुर | १९/१४२५० | २०६१/०२/११ | मकवानपुर | यसोदा भट्ट | रोम प्रसाद घिमिरे | प्रेमनन्द घिमिरे | यसोदा भट्ट |
| २ | हेटौडा | ललिता यादव | गडहल-५, बारा | बारागढी-६, बारा | ३३१०३४/४२१५५ | २०७०/०७/२७ | बारा | नरेन्द्र प्रसाद यादव | भिम बहादुर श्रेष्ठ | /सुरुज राउत अहिर | नरेन्द्र प्रसाद यादव |
| ३ | बढनिहार | जिवन कुमार श्रेष्ठ | निर्मलबस्ती-३, पर्सा | निर्मलबस्ती-३, पर्सा | १२०३०५ | २०५८/०८/१० | कास्की | राधिका कुमारी श्रेष्ठ | टेक बहादुर श्रेष्ठ | कृष्ण बहादुर श्रेष्ठ | राधिका कुमारी श्रेष्ठ |
| ४ | बढनिहार | देवेन्द्र विक्रम शाह ठकुरी | हेटौडा-१, मकवानपुर | जितपुरसिमरा-२, बारा | ११६८४ | २०४५/०४/२६ | मकवानपुर | ईनु देवी शाह | राम विक्रम शाह ठकुरी | श्री राम विक्रम शाह ठकुरी | ईनु देवी शाह |
| ५ | बढनिहार | पम्फा कुमारी कार्की माझी | सखुवा प्रसौनि-३, पर्सा | जितपुरसिमरा-२, बारा | वि.द. ३५ | २०७२/०९/०९ | बारा | मुना माझी | भिम बहादुर कार्की | /भेम बहादुर कार्की | मिरा देवी कडेंल |
| ६ | बढनिहार | आलिसा खडका | चिसापानी-५, बाकें | जितपुरसिमरा-२, बारा | ६६-०१-७२-०३५३८ | २०७२/०५/२० | बाके | नविन हमाल | प्रेम बहादुर खडका | /राम बहादुर हमाल | श्रीमती पदम कुमारी हमाल |
| ७ | बढनिहार | सम्झना आचार्य (कार्की) | ठोरी-५, पर्सा | जितपुरसिमरा-२, बारा | ३४-०१-७४-१४९६५ | २०७४/११/२७ | पर्सा | सुमन कार्की | सहदेव प्रसाद आचार्य | /किरण कार्की | सुमन कार्की |
| ८ | बढनिहार | राम बहादुर हमाल | जितपुरसिमरा-२, बारा | जितपुरसिमरा-२, बारा | २०५० | २०३९/०३/१७ | काठमाडौं | श्रीमती पदम कुमारी हमाल | रुद्र बहादुर हमाल | भिम बहादुर हमाल | श्रीमती पदम कुमारी हमाल |
| ९ | बढनिहार | रोविता देवी ठाकुर हजाम | भ.जितपुर-३, बारा | जितपुरसिमरा-२, बारा | ३३२०७९/२६८७१ | २०६६/०५/३० | बारा | कन्हैया ठाकुर हजाम | महिन्दर ठाकुर हजाम | /बाबुलाल ठाकुर हजाम | शम्भु ठाकुर हजाम |
| १० | बढनिहार | लिला देवी | भवानीपुर जितपुर-८, बारा | जितपुरसिमरा-२, बारा | वि.द.२६ | २०६६/०२/२७ | बारा | दुखि महतो | बासदेव महतो धानुक | /जंगी महतो धानुक | दुखि महतो |
| ११ | बढनिहार | बेबी रौनियार | चोर्नी-८, पर्सा | विरगंज-३२, पर्सा | ३४-०१-७०-१२७५१ | २०७०/११/२२ | पर्सा | दिपक कुमार रौनियार | राजेन्द्र प्रसाद रौनियार | /राजेन्द्र प्रसाद रौनियार | दिपक कुमार रौनियार |
| १२ | बढनिहार | बन्दना देवी थारु | भ.जितपुर-४, बारा | जितपुरसिमरा-६, बारा | ३३३०७९/८७४ | २०६३/११/२३ | बारा | राजेश दास थारु | रोअन दास थारु | /शंकर दास थारु | रिता देवी दनुवार |
| १३ | बढनिहार | रानी सिंह | नोकैलवा -४, सर्लाही | जितपुरसिमरा-६, बारा | ६५७६५२९६ | २०६०/०३/१५ | सर्लाही | जितेन्द्र कुमार सिंह | वन्हु कुमार दनुवार | /राम अवतार दनुवार | जितेन्द्र कुमार सिंह |
| १४ | बढनिहार | सोना देवी महतो | बिरुवागुठी-५, पर्सा | बिरुवागुठी-५, पर्सा | १५८८४२७१ | २०६३/०२/०४ | पर्सा | विरजु महतो | काशी पंजियार थारु | /महादेव महतो | विरजु महतो |
| १५ | बढनिहार | कोरैसा खातुन | बसडिल्वा-८, पर्सा | विरगंज-२९, पर्सा | ३४१०१२/९९५ | २०६८/०७/२८ | पर्सा | हजरत अलि अंसारी | तैनुल हक अंसारी | /रुदल मिया अंसारी | सहिमा खातुन |
| १६ | बढनिहार | चाँदनी देवी | पचरुखी-३, पर्सा | पर्सागढी-५, पर्सा | ३४-०१-७२-०३१६८ | २०७२/०१/११ | पर्सा | दुखि राम | चनरजित महरा | /गुगुलिया राम चमार | दुखि राम |
| १७ | बढनिहार | राज कुमारी देवी | विरुवागुठी-७, पर्सा | पर्सागढी-४, पर्सा | वि.द. २५२ | २०६३/१०/१० | पर्सा | लक्ष्मी राउत कुर्मी | रघुनाथ राउत | /हरिकिहुन राउत कुर्मी | लक्ष्मी राउत कुर्मी |
| १८ | बढनिहार | लक्ष्मी देवी चौधरी | विरुवागुठी-५, पर्सा | पर्सागढी-५, पर्सा | १५८८३५०० | २०५९/०४/०१ | पर्सा | धर्मराज चौधरी | लिलाधर अधिकारी थारु | /श्री चौधरी थारु | धर्मराज चौधरी |
| १९ | बढनिहार | मन्जु कुमारी (कार्की) विष्ट | भिमथान-९, सिन्धुली | सिन्धुलीगढी-७, सिन्धुली | ४४७५७ | २०६२/०७/२० | सिन्धुली | गणेश कुमार विष्ट | नेत्र बहादुर कार्की | /कमल बहादुर विष्ट | मन्जु कुमारी कार्की विष्ट |
| २० | बढनिहार | ज्योती बस्नेत | पिपरा सिमरा-३, बारा | जितपुरसिमरा-२, बारा | ३३३०८१/१९७ | २०६३/१०/१७ | बारा | सन्तोष कुमार बस्नेत | तुलसी प्रसाद भेटवाल | /गोकुल बहादुर बस्नेत | राधिका कुमारी श्रेष्ठ |
| २१ | बढनिहार | शिव शंकर महतो | सोनबर्षा-९, पर्सा | पर्सागढी-३, पर्सा | ८९९१२३७७ | २०६२/०८/२७ | पर्सा | मंजु देवी | रामप्रसाद महतो थारु | राम देयाली चौधरी थारु | मंजु देवी |
| २२ | बढनिहार | सन्तोषी कुमारी वि.क. | पिपरा सिमरा-९, बारा | जितपुरसिमरा-१, बारा | २१३९६ | २०६३/०२/०४ | बारा | दुर्गा बहादुर कामी | पूर्ण बहादुर विश्वकर्मा | /चन्द्र बहादुर कामी | दिपिका कुमारी वि.क. |
| २३ | बढनिहार | तुफान बाबु ठकुराई | चोर्नी-९, पर्सा | विरगंज-३२, पर्सा | ३४-०१-६९-०६८६६ | २०६९/१२/१९ | पर्सा | अविवाहित | ताराबाबु मिया | ठुलो साह मिया | ताराबाबु मिया |
| २४ | बढनिहार | सिर्जना ओझा खनाल | पिपरा सिमरा-२, बारा | जितपुरसिमरा-२, बारा | ३३२०८१/३५३१२ | २०६९/०३/१३ | बारा | विशाल कुमार खनाल | चेतनाथ ओझा | /लछुमन खनाल | विशाल कुमार खनाल |
| २५ | बढनिहार | ओम नारायण राउत कुर्मी | बागेश्वरी तित्रोना-३, पर्सा | विरगंज-३१, पर्सा | ३४३००६/६१ | २०७०/०२/१७ | पर्सा | दुलरिया देवी | प्रभु राउत कुर्मी | सुदामा राउत कुर्मी | दुलरिया देवी |
| २६ | बढनिहार | परमीला देवी | चोर्नी-८, पर्सा | विरगंज-३१, पर्सा | ३४१०२५/२४४ | २०६५/१२/१८ | पर्सा | मोहन राउत कुर्मी | भिखारी राउत कुर्मी | /रामरुप राउत | परमीला देवी |
| २७ | बढनिहार | गीता भण्डारी | जितपुर सिमरा-३, बारा | जितपुर सिमरा-३, बारा | ३३२०८१/३१०७५ | २०६८/०१/०५ | बारा | चेतबहादुर भण्डारी | जोगेन्द्र सिं | /जितबहादुर भण्डारी | चेतबहादुर भण्डारी |
| २८ | बढनिहार | मिना देवी यादव | हरपुर-५, पर्सा | पर्सागढी-८ , पर्सा | ३४-०१-६९-००४८० | २०६९/०४/२८ | पर्सा | लालबाबु प्रसाद यादव | महावीर राउत | /जदु राउत अहिर | लालबाबु प्रसाद यादव |
| २९ | बढनिहार | जोतिया देवी दनुवार | भवानी जितपुर-४, बारा | जितपुर सिमरा-६, बारा | २१२११ | २०६३/०४/११ | बारा | पलट कुंवर दनुवार | हरगेन सिंह दनुवार | /महादेव कुंवर दनुवार | पलट कुंवर दनुवार |
| ३० | बढनिहार | रिता देवी | भवानी जितपुर-४, बारा | जितपुर सिमरा-६, बारा | ३३२०७९/२२४८७ | २०६३/१०/१९ | बारा | नवल किशोर सिंह | राजेन्द्र सिंह दनुवार | /मंगल सिंह दनुवार | नवल किशोर सिंह |
| ३१ | बढनिहार | दुर्गा कुमारी वि.क. | लक्ष्मीनिया-४, रौतहट | जितपुर सिमरा-१, बारा | ३२२०५५/५४८६ | २०६८/०१/१२ | रौतहट | जिवन बस्नेत | भरत बहादुर कालीकोटे | /खिलेन्द्र बहादुर बस्नेत | जिवन बस्नेत |
| ३२ | बढनिहार | सन्जु रुचाल मगर | मनहरी-७, मकवानपुर | पर्सागढी -४, पर्सा | ४८/३२०१ | २०६२/११/०३ | मकवानपुर | सुर्य बहादुर रुचाल मगर | रामचन्द्र राना मगर | /डम्बर बहादुर रुचाल मगर | सुर्य बहादुर रुचाल मगर |
| ३३ | बढनिहार | मदिना खातुन | बेलवा-३, पर्सा | पर्सागढी -४, पर्सा | वि.द.३१ | २०६६/०७/१९ | पर्सा | अजैर देवान | बुदु देवान | /रजाक देवान | अजैर देवान |
| ३४ | बढनिहार | कान्ती देवी थरुनी | हरपुर-१, पर्सा | पर्सागढी -८ , पर्सा | ३४१०३६/५१७ | २०६८/०२/२६ | पर्सा | रामजी चौधरी थारु | आसमन पंजियार | /पितम्बर चौधरी | रामजी चौधरी थारु |
| ३५ | बढनिहार | सुगान्धी देवी | हरपुर-५, पर्सा | पर्सागढी -८ , पर्सा | ३४-०१-७०-०२१८९ | २०७०/०२/१३ | पर्सा | धर्मदेव महरा चमार | रामदेव महरा | /जोखु महरा चमार | धर्मदेव महरा चमार |
| ३६ | बढनिहार | शान्ती विश्वकर्मा | दुम्कीवास-२, बारा | जितपुर सिमरा-१, बारा | ३३२०८१/३३३७६ | २०६४/०८/२२ | बारा | राज कुमार विश्वकर्मा | खुस बहादुर वि. क. | /बलराम कामी | राज कुमार विश्वकर्मा |
| ३७ | बढनिहार | काली विश्वकर्मा | पिपरासिमरा-९, बारा | जितपुर सिमरा-१, बारा | २३१४/२१६०० | २०६३/०६/०३ | बारा | कुमार विश्वकर्मा | अमर बहादुर सुनार | /अर्जुन विश्वकर्मा | कुमार विश्वकर्मा |
| ३८ | बढनिहार | संगिता कुमारी लामा | पिपरासिमरा-९, बारा | जितपुर सिमरा-१, बारा | ३३३४१/१७१४ | २०५३/०३/२५ | बारा | लाक्पा ग्यापु शेर्पा | रामकृष्ण लामा | /फूपु तेम्वा सेर्पा | लाक्पा ग्यापु शेर्पा |
| ३९ | बढनिहार | चम्पा देवी | वागवाना-२, पर्सा | पर्सागढी-२ गोडपसरा, पर्सा | ३४१००५/१३० | २०६५/१२/१० | पर्सा | शिवनाथ राम चमार | दुखि महरा चमार | /रोसन महरा चमार | शिवनाथ राम चमार |
| ४० | बढनिहार | पुनिता देवी खाँ | मधुवनमथौल-५, पर्सा | पर्सागढी-३बढनिहार, पर्सा | ३४१०४८/५७४ | २०६८/०३/०१ | पर्सा | मोतीराम खाँ | पारसलाल खाँ थारु | /जगमोहन खाँ | मोतीराम खाँ |
| ४१ | बढनिहार | मुन्नी खातुन | चोर्नी-८, पर्सा | विरगंज-३१मिलनचोक, पर्सा | ३४-०१-७०-०१०९४ | २०७०/०१/२५ | पर्सा | भोला मिया | सफिक मिया चुरिहार | /महमद सहिम मिया | भोला मिया |
| ४२ | बढनिहार | मदीना खातुन | बेलवा-२, पर्सा | विरगंज-३१मिलनचोक, पर्सा | ३४-०१-७०-०१५३२ | २०७०/०१/३१ | पर्सा | मन उगर मिया | मैनुदिन अंसारी | /खमीन मिया | मन उगर मिया |
| ४३ | बढनिहार | सोना देवी | बेलवा-१, पर्सा | विरगंज-३१मिलनचोक, पर्सा | ३४१०१३/६०० | २०६६/११/२५ | पर्सा | चन्द्रीका साह कानु | मुखदेव साह कानु | /महेन्द्र साह कानु | चन्द्रीका साह कानु |
| ४४ | बढनिहार | सबिला खातुन | चोर्नी-८, पर्सा | विरगंज-३१मिलनचोक, पर्सा | ५०३० | २०६७/०३/०६ | पर्सा | मकबुल मिया | ऐनुल मिया | /भाकुल मिया | मकबुल मिया |
| ४५ | बढनिहार | जमिला खातुन | बेलवा-२, पर्सा | विरगंज-३१मिलनचोक, पर्सा | १७७ | २०७०/०१/०४ | पर्सा | समसुदिन अंसारी | वैयब मिया | /महमद सहिद | समसुदिन अंसारी |
| ४६ | बढनिहार | समिना खातुन | बसडिल्वा-८, पर्सा | विरगंज-२९रतनपुर, पर्सा | ३४-०१-७८-००९१२ | २०७८/०४/०१ | पर्सा | हबजद अलि | मकबुल अंसारी | /रुदल मिया अंसारी | हबजद अलि |
